मद्रसा शिक्षाको पाठ्यक्रम
२०६६

प्राथमिक तह (कक्षा १-५)

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची

	शीर्षक	पृष्ठ
१.	मद्रसा शिक्षाको पाठ्यक्रम	१
२.	सामाजिक अध्ययन	६
३.	सिर्जनात्मक कला	१९
४.	उर्दू भाषा	२७
५.	अरेबिक भाषा	३५
५.	अनुसूचीहरू	४२

मद्रसा शिक्षाको पाठ्यक्रम
प्राथमिक तह (कक्षा १-५)

१. पृष्ठभूमि

मानवजातिको सृष्टिदेखि नै प्रत्यक्ष अप्रत्यक्ष रूपमा शिक्षाको विकास हुँदै आएको छ । समयको गतिसँगै नेपालको शिक्षा परम्परा थुप्रै उकाली ओराली पार गर्दै आजको स्थितिमा आइपुगेको हो । नेपालको प्राचीन शिक्षालाई नियाल्ने हो भने परम्परागत रूपमा चल्दै आएका सामाजिक मूल्य र मान्यताहरू एक पिँढीबाट अर्को पिँढीमा सर्दै आएको पाइन्छ । नेपालमा प्राचीनकालदेखि नै मद्रसा परम्पराबाट

अनुप्राणित शिक्षा व्यवस्था कायम रहिआएको छ ।

नेपाल बहुजातीय, बुहभाषिक र बहुधार्मिक देशका रूपमा परिचित छ । यहाँ मुस्लिम, , हिन्दु, बौद्ध

किरात, क्रिस्चियन, जैनलगायतका विभिन्न धर्मावलम्बीहरू रहेका छन् । शिक्षा प्रणाली पनि यो विविधताबाट प्रभावित हुनु स्वाभाविकै हो । इस्लाम दर्शनमा आधारित मद्रसा शिक्षा प्रणाली पनि परापूर्वकालदेखि नेपालको एक प्रमुख शिक्षा प्रणालीको रूपमा रहिआएको छ । नेपालमा विभिन्न जाति, धर्म, भाषाभाषी समुदायका मानिसहरूको बसोवास छ । यहाँ इस्लाम धर्म मान्ने मानिसहरू पनि बसोबास गर्दछन् । यस समुदायका मानिस आफ्नो धर्म सँस्कृति रक्षाका लागि आफ्ना छोराछोरीहरूलाई मद्रसा शिक्षा दिन चाहन्छन् । त्यसैले मुस्लिम समुदायको बसोवास क्षेत्रमा लगभग २००० मद्रसाहरू छन् । यी मद्रसाहरूमा पाठ्यक्रममा विविधता देखिन्छ । धेरैजसो मद्रसाहरूले आ-आफ्नै ढङ्गले पाठ्यपुस्तक र इस्लाम धर्मसम्बन्धी पाठ्यपुस्तकहरू पठनपाठन गरेको पाइन्छ । मुस्लिम बालबालिकाहरूले मद्रसाबाट पाउने शिक्षामा एकरूपता पनि छैन र त्यसको मान्यता पनि छैन । उनीहरू मद्रसामा पाँच वर्ष पढेर अन्य विद्यालयमा कक्षा ६ मा भर्ना हुन पाउदैंनन् । यसबाट एकातिर मद्रसामा पठनपाठन गर्ने नेपाली बालिबालिकाहरूको समय त्यसै खेर गएको र अर्कोतर्फ नेपाल सरकारको सबै बालबालिकालाई आधारभूत शिक्षा उपलब्ध गराउने लक्ष पनि निष्प्रभावी हुने देखिन्छ । यस कुरालाई मनन् गरी मद्रसाहरूमा सरोकारवालाहरूलाई मान्य हुने पाठ्यक्रम ढाँचा लागू गरी मद्रसा शिक्षालाई विद्यालय शिक्षाको मूलधारमा ल्याउन आवश्यक देखिन्छ । यसका लागि मद्रसामा पठनपाठन गर्ने मुस्लिम बालबालिकाले भविश्यमा इस्लाम धर्म, रीति र परम्पराअनुसारको आचरण गरी आधुनिक विश्वमा सहजरूपमा जीवन यापन गर्नसक्ने लक्षका साथ मद्रसा शिक्षाको पाठ्यक्रम ढाचा तयार गर्नुपर्ने देखिन्छ । यसमा एकातर्फ मद्रसाहरूलाई इस्लाम धर्म, रीति र परम्पराअनुसारका विषय पठनपाठन गर्ने स्थान दिइनु पर्दछ भने अर्कोतर्फ मद्रसाहरूले पनि अन्य विद्यालयहरूले पठनपाठन गराउने अनिवार्य विषय आफ्नो अनुकुलको भाषामा पठनपाठन गराउनुपर्ने हुन्छ । यस कुरालाई आधार मानी नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले मद्रसाहरूको प्रत्यक्ष अवलोकन गरी मुस्लिम समुदायका शिक्षासेवीहरूको सल्लाहमा मद्रसाशिक्षाको प्राथमिक तहको पाठ्यक्रम ढाचा तयार गरेको छ र क्रमशः माथिल्ला तहका लागि पनि तयार गर्दै जाने छ ।

२. मद्रसा शिक्षा पाठ्यक्रमको परिचय

नेपालमा परम्परागत रूपमा चल्दै आएका मद्रसा र गुरुकुलजस्ता शिक्षा प्रणाली मूलतः सम्बन्धित शिक्षा प्रणालीकै आफ्नो निजी प्रयासमा सञ्चालन हुँदै आएका छन् । नेपालमा प्राचीनकालदेखि मद्रसा शिक्षा प्रणाली आफ्नै साधन, स्रोत एवम् आफ्नै विशिष्ट शैक्षिक प्रक्रियाका आधारमा सञ्चालन हुँदआएको छ । यो शिक्षा पद्धतिले मूलतः इस्लाम दर्शनमा आधारित ज्ञान र सीपको विकासमा महत्त्वपूर्ण योगदान प्रदान गर्दै आएको छ । यस शिक्षामा धार्मिक अनुष्ठान्का अतिरिक्त मानिसको जीवनमा अति आवश्यक पर्ने आध्यात्मिक ज्ञानको विकासमा जोड दिइन्छ ।

इस्लाम धर्मसंस्कृतिप्रति आस्थावान् भई इस्लाम धर्मसंस्कृतिअनुसारका आधारभूत क्रियाकलाप गर्ने समुदाय तथा उर्दू भाषा सामान्यरूपमा प्रयोग गर्ने एवम् कुरआन तजविदसहित पाठ गर्ने समुदायका बालबालिकालाई लक्षित गरी यो पाठ्यक्रम तर्जुमा गरिएको हो । यसै पृष्ठभूमिलाई दृष्टिगत गर्दै अन्तिम विश्व शान्ति दूत हजरत मुहम्मद (स.)को अर्ति उपदेश एवम् मद्रसा शिक्षा परम्परालाई आधुनिक परिवेशमा अझ सशक्त

रूपमा अध्ययन अध्यापन गर्ने कार्यमा थप योगदान पुऱ्याउने उद्देश्यले यो पाठ्यक्रम आवश्यक भएको हो ।

३. मद्रसा शिक्षाको प्राथमिक तहको तहगत उद्देश्य

मद्रसा शिक्षाका माध्यमबाट प्राथमिक तह पूरा गरेका विद्यार्थीहरूमा निम्नानुसारका सीप र ज्ञानको विकास हुने उद्देश्य लिइएको छ :

१. राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराउने

२. इस्लाम धर्म संस्कृतिप्रति आस्थावान् भई इस्लाम धर्म संस्कृतिअनुसारका आधारभूत अनुष्ठान गर्ने ज्ञान तथा सीपको विकास गराउने

३. नागरिकमा नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने

४. उर्दू, अरबी, नेपाली र अङ्ग्रेजी भाषाका भाषिक सीपका साथै आधारभूत गणितीय सीपको विकास गर्ने

५. विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने

६. कुरआन तजविदसहित पाठ गर्ने

७. मुस्लिम कला संस्कृतिप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने

८. इस्लाम धर्म संस्कृतिलगायत विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति समभाव जगाई शान्तिपूर्ण समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने

९. मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई आध्यात्मिक आचरणको विकास गर्ने ।

४. प्राथमिक शिक्षाको ढाँचा

(क) पूर्वप्राथमिक शिक्षाको ढाँचा

१. चार वर्ष उमेर नभएका बालबालिकालाई शिशु विकास केन्द्र वा मद्रसाबाट धार्मिक, शारीरिक, सामाजिक, संवेगात्मक वा बौद्धिक प्रकारको सरल शिक्षा दिन सकिने छ ।

२. चार वर्षको उमेर पूरा भइसकेका बालबालिकालाई एक वर्षको प्राथमिक शिक्षा पनि दिन सकिने छ ।

पूव

पूर्व प्राथमिक शिक्षाका लागि मद्रसा स्वयम्ले राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुरूप आवश्यकताअनुसारको पाठ्यक्रम र पाठ्यसामग्री तयार गरी प्रयोग गर्न सक्ने छ ।

(ख) प्राथमिक शिक्षा : प्राथमिक शिक्षाअन्तर्गत कक्षा १-३ र कक्षा ४-५ मा निम्नानुसारको पाठ्यक्रम ढाँचा लागू हुने छ :

पाठ्यक्रम ढाँचा (कक्षा १-३)

क्र.सं.	विषय	कक्षा १-३	
		पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	६	१००

२.	अङ्ग्रेजी	५	१००
३.	गणित	६	१००
४.	सामाजिक अध्ययन तथा सिर्जनात्मक कला	६	१००
५.	विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा	५	१००
६.	स्थानीय विषय- (उर्दू र अरेबिक)	६	१००
	जम्मा	३४	६००

पाठ्यक्रम ढाँचा (कक्षा ४-५)

क्र.सं.	विषय	कक्षा ४-५	
		पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	६	१००
२.	अङ्ग्रेजी	५	१००
३.	गणित	६	१००
४.	सामाजिक अध्ययन	५	७५
५.	सिर्जनात्मक कला	३	२५
६.	विज्ञान तथा वातावरण	४	५०
७.	स्वास्थ्य तथा शारीरिक	४	५०
८.	स्थानीय विषय- (उर्दू र अरेबी)	६	१००
	जम्मा	३९	६००

५. पाठ्यक्रमको प्रयोग र पाठ्यपुस्तकको अनुकूलन

१. माथिको पाठ्यक्रम ढाँचामा व्यवस्था भएका विषयमध्ये सामाजिक अध्ययन तथा सिर्जनात्मक कला र स्थानीय विषयका रूपमा उर्दू र अरेबिक भाषाका छुट्टै पाठ्यक्रम यस पाठ्यक्रममा समावेश गरिएको छ ।

२. नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, स्वास्थ्य तथा शारीरिक विषयका पाठ्यक्रम साधारणतर्फका प्राथमिक शिक्षाकै पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू प्रयोग हुनेछन् ।

३. नेपाली विषयको साधारण विद्यालयतर्फको पाठ्यक्रम नै यस मद्रसा शिक्षाका लागि पनि नेपाली विषयको पाठ्यक्रम हुने छ तर पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तयार गर्दा इस्लाम धर्म, संस्कृतिअनुसार विषयवस्तु थप गरी अनुकूलन ९ब्मबउतबतष्यल० पार्न सकिने छ ।

६. पठनपाठनको माध्यम

मद्रसा शिक्षाअन्तर्गत दिइने प्राथमिक शिक्षामा मूलत: फारसी लिपिमा उर्दू भाषालाई मातृभाषाका

रूपमा शिक्षाको माध्यम बनाइने छ र अरू भाषा विषय तथा अन्य विषयको विषयवस्तुलाई दृष्टिगत गरी नेपाली, अङ्ग्रेजी, अरेबिक तथा उर्दू भाषा गरी भाषिक माध्यमका रूपमा त्रयभाषिक नीति अवलम्बन गरिने छ ।

७. स्थानीय विषय

साधारण विद्यालयतर्फको प्राथमिक तहको पाठ्यक्रममा व्यवस्था भएबमोजिम यस मद्रसा शिक्षातर्फ

प्राथमिक तहमा पनि सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत

पाठ्यभारको पाठ्यक्रम तथा पाठ्यसामग्री मद्रसा निर्माण गर्न सक्ने छ । यस्तो पाठ्यक्रममा आफैँल

सामाजिक अध्ययनका लागि वार्षिक ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको छ ।

८. शिक्षण प्रक्रिया र समयावधि

१. प्राथमिक तहमा पढ्ने बालबालिकाको शारीरिक तथा मानसिक अवस्थालाई दृष्टिगत गरी यस तहमा अध्यापन गराउँदा विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापमा जोड दिइने छ ।

२. मद्रसा शिक्षा परम्पराको आफ्नै विशिष्ट र मौलिक शिक्षापद्धति भएकाले औपचारिक शिक्षामा पनि मद्रसा शिक्षा परम्परालाई अनुशरण गर्दै शिक्षकहरूले सहजकर्ता ९ँबअर्षष्तिबतयच० को भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरूले व्यावहारिक तथा इस्लाम धर्म दर्शनअनुसार जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटनको सम्भावना रहने भएकाले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा सकेसम्म विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । औपचारिक रूपमा गरिने अति आवश्यक उपासना विधिबाहेक अन्य विषयवस्तुहरू विद्यार्थीले बुझ्ने गरी सरल तरिकाले शिक्षण गर्नुपर्ने छ ।

३. सबैप्रकारका आवश्यकता भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी

कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ ।

४. परम्परागत मद्रसा शिक्षामा आफ्नै मौलिक प्रकारको शिक्षणपद्धति रहेको परिवेशलाई दृष्टिगत गरी मद्रसा को आवश्यकता, पाठ्यक्रमको व्यवस्था आदिलाई दृष्टिगत गरी मद्रसा स्वयम्ले पठनपाठनको अवधि तय गर्ने छ । साधारणतया कक्षा १-३ मा वार्षिक ८१६ घन्टा र कक्षा

४-५ मा ९३६ घन्टा (१९२ दिन वा ३२ हप्ता) पठनपाठन गरिने छ ।

९. विद्यार्थी मूल्याङ्कन

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई

सुनिश्चित गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु

हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटकपटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।

२. कक्षा १-३ का विद्यार्थीको कार्यसञ्चयिका (प्रगति विवरण/एयचतायष्यि) फायल राखिने छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षा कार्य, धार्मिक अनुष्ठान र क्रियाकलाप, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन, अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गरिने छ । मद्रसामा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना मद्रसा (विद्यालय) मा छलफल गर्ने व्यवस्था गरिने छ । कार्यसञ्चयिकामा त्यसको अभिलेख
राख्ने व्यवस्था गरिने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनुपर्ने छ ।

३. कक्षा १-३ मा निरन्तर विद्यार्थीको मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । यसका लागि अनुसूचीमा उल्लिखित साधनहरूलाई प्रयोगमा ल्याउनुपर्ने छ ।

४. कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरिने भएकाले उत्तीर्णाङ्क तोकिएको छैन ।

५. निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य, निर्दिष्ट सिकाइ उपलब्धिका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको स्तर हेरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ । विद्यालयमा अति कम उपस्थिति भएका र न्यूनतम सिकाइउपलब्धि हासिल नगरेका विद्यार्थीहरूका लागि पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक (मुअल्लिम) र मद्रसा प्रमुखको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

६. कक्षा १-३ मा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरूलाई 'क' देखि 'ग' श्रेणीमा वर्गीकरण गरिने छ ।

७. कक्षा ४ र ५ मा ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) पद्धतिबाट र ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक) पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक तथा निर्णयात्मक दुवै मूल्याङ्कनका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ र छुट्टै उत्तीर्ण हुनुपर्ने छ ।

८. निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) मा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीका हकमा सम्बन्धित विषय शिक्षक र मद्रसा प्रमुखले कक्षोन्नतिको निर्णय गर्न सक्नेछन् ।

९. विविध सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

१०. निरन्तर मूल्याङ्कन प्रक्रियाको मूल्याङ्कनका आधार अनुसूचीमा दिइएको छ ।

सामाजिक अध्ययन

१. परिचय

मानिस सामाजिक प्राणी हो । सामाजिक प्राणी भएकै कारणले ऊ आजको स्थितिसम्म आउन सकेको हो । पृथ्वीको भौगोलिक वनावटमा भएको विविधताअनुसार संसारभरका मानिसहरूको आ-आफ्नै प्रकारका सामाजिक चालचलन, बानीव्यहोरा, धर्म, संस्कृति, रीतिरिवाज रहिआएका छन् । यिनका बारेमा बालबालिकालाई सानै उमेरदेखि जानकारी दिँदै सामाजिक भावनाको विकास गराउन आवश्यक हुन्छ । त्यसैले यस पाठ्यक्रममा सामाजिक अध्ययनको अवधारणाअनुसार व्यक्तिको जीवन परिवारबाट सुरु भई छिमेक, समुदाय, क्षेत्र, राष्ट्र र विश्व परिवेशमा पुग्नुपर्दछ । त्यस्तै यस पाठ्यक्रममा विद्यार्थीहरू स्वयम्बाट समस्याको खोज र समाधानका उपायहरू पहिल्याई आफ्नो विचार, सीप, दक्षता, रुचि तथा खुसीका आधारमा व्यक्ति, परिवार, समुदायको विकासप्रति आकर्षित हुन असल नागरिक बन्न सकून् भन्ने अपेक्षा गरिएको छ । प्राथमिक तहका बालबालिकाको रुचि, उमेर र आवश्यकतालाई दृष्टिगत गरी मद्रसा शिक्षाअन्तर्गतको सामाजिक विषयमा निम्नानुसारका विषयक्षेत्र समेट्ने प्रयास गरिएको छ :

१. आफू, आफ्नो घरपरिवार र छिमेक

२. हाम्रो धर्म, परम्परा, सामाजिक मूल्य र मान्यता

३. सामाजिक समस्या र समाधान

४. नागरिक चेतना (हाम्रो दायित्व, कर्तव्य र अधिकार)

५. हाम्रो पृथ्वी

६. हाम्रो विगत

७. हाम्रो आर्थिक क्रियाकलाप

मद्रसा शिक्षाको आफ्नै विशिष्ट मौलिक परम्परा रहेकाले उपर्युक्त विषय क्षेत्रअन्तर्गत मद्रसारहेको क्षेत्रको सामाजिक परिवेशलाई विशेष ध्यान केन्द्रित हुनेगरी उद्देश्य तथा विषयवस्तु चयन गरिएका छन् । इस्लामको मूल शिक्षाअनुसार सामाजिक चालचलन, नियम आदिसँग परिचित भईसमाजमा विद्यमान विभिन्न समस्या र विकृतिहरू हटाउन, मानव अधिकार र कर्तव्यप्रति सचेत रहँदै सामाजिकीकरण जस्ता सीप विकासमा पाठ्यक्रमले जोड दिएको छ । साथै स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने अभिप्रायले थप २० प्रतिशत स्थानीय विषयवस्तुको प्रावधानसमेत पाठ्यक्रममा समावेश गरिएको छ ।

२. साधारण उद्देश्य

प्राथमिक तहको अन्तमा मद्रसा शिक्षाका विद्यार्थीहरूले निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

१. आफू, आफ्नो परिवार (सङ्घ) र छरछिमेकको परिचय दिन ।

२. आफ्नो समुदायको रहनसहन, भेषभूषा, धर्म, संस्कृतिका आधारभूत ज्ञान, सीप प्राप्त गर्न ।

३. विभिन्न जातजाति, भाषा, लिङ्ग, पेसा, धर्म तथा चाडपर्वप्रति सद्भाव राखी सम्मान गर्न ।

४. सामाजिक कुरीति, छुवाछुत, अन्धविश्वास आदि विरुद्ध सचेत रहन ।

५. आफ्नो देशप्रति माया, श्रद्धा, भक्तिभाव राख्न र लोकतान्त्रिक मूल्य मान्यताअनुसार आचरण गर्न ।

६. स्थानीय समुदाय तथा राष्ट्रिय स्तरका ख्याति प्राप्त व्यक्तिका कामबाट प्रेरणा लिन र उनीहरूप्रति सम्मान गर्न ।

७. अन्तिम विश्व शान्ति दूत हजरत मुहम्मद (सल्ल) र वहा (स.) का चार उत्तराधिकारीहरूबारे बताउन ।

८. आफ्नो समाजमा रहेका विभिन्न सामाजिक समस्याका बारेमा परिचित भई तिनको समाधानका लागि सहयोग गर्न ।

९. मानव अधिकार, बाल अधिकार तथा कर्तव्य प्रति सचेत रहन ।

१०. आफ्ना स्थानीय निकायको संरचना र कार्य उल्लेख गर्न ।

११. पृथ्वीको परिचय दिन र नेपालको भौगोलिक स्वरूपको वर्णन गर्न ।

१२. छिमेकी राष्ट्रहरूको छोटो परिचय दिन ।

१३. मुस्लिम समुदाय तथा राष्ट्रको ऐतिहासिक पृष्ठभूमि बताउन र ऐतिहासिक वस्तु तथा परम्पराको खोजीगर्न ।

१४. श्रमप्रति सम्मान गर्न तथा श्रम गर्ने, मितव्ययी हुने बानी बसाल्न ।

१५. स्थानीय स्तरमा रहेका आर्थिक क्रियाकलापका बारेमा परिचित भई तिनमा सक्दो सहयोग पुऱ्याउन ।

३. विशिष्ट उद्देश्यहरू

कक्षा - १

मद्रसा शिक्षाका विद्यार्थीहरूले सामाजिक अध्ययन विषयमा कक्षा १ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. आफू, आफ्नो घर परिवारको सदस्यहरूको नाम र नाता बताउन ।

२. आफ्नो घर र परिवारको काम तथा पेसा व्यवसायका बारेमा सामान्य जानकारी दिन ।

३. आफ्नो मद्रसाको कक्षाकोठा र गुरुका बारेमा बताउन ।

४. आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्न ।

५. परिवारका सदस्यहरूको आदर र सम्मान गर्न ।

६. आमाबुबाको सम्मान गर्न ।

७. आफ्नो खाना, लवाइ खवाइका बारेमा जानकारी राख्न ।

८. आफ्ना खेलका बारेमा बताउन ।

९. घर परिवारका असक्त र असहायलाई सहयोग र सम्मान गर्न ।

१०. मद्रसाको सामान्य परिचय दिन ।

११. आफू र आफ्नो बालअधिकारबारे सामान्य जानकारी दिन ।

१२. आफ्नो वरिपरिको हावापानीका बारेमा उल्लेख गर्न ।

१३. आफ्नो वरिपरिको भौगोलिक बनोटबारे छोटकरीमा चर्चा गर्न ।

१४. आफ्नो गाउँ ठाउँका बारेमा बताउन ।

१५. आफ्नो घरपरिवारको सामान्य पारिवारिक पृष्ठभूमिको परिचय दिन ।

१६. अन्तिम विश्व शान्ति दूत हजरत मुहम्मद (सल्ल)का बारेमा सङ्क्षिप्त परिचय दिन ।

१७. आफूले गर्ने कामबारे बताउन र आफूले सक्ने घरपरिवारको काममा सहयोग गर्न ।

कक्षा - २

मद्रसा शिक्षाका विद्यार्थीहरूले सामाजिक अध्ययन विषयमा कक्षा २ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. आफूलाई दिइएको जिम्मेवारी पूरा गर्न ।

२. आफूले गर्नुपर्ने कामका बारेमा सचेत रहन ।

३. परिवारका सदस्यहरूको काम/पेसाका बारेमा जानकारी राख्दै आवश्यक सहयोग गर्न ।

४. साथीभाइ र छरछिमेकमा मेलमिलाप गर्न ।

५. आफ्नो खाना, भाषा, चाडपर्वका बारेमा बताउन ।

६. आफ्नो घरपरिवारमा अतिथि सत्कार गर्न ।

७. आफ्नो विद्यालयको जन्मोत्सवका बारेमा जानकारी राखी सहभागी हुन ।

८. छरछिमेक वा असहाय र अशक्तलाई सहयोग र सम्मान

गर्न । ९. मद्रसाका विशेषताको सूची तयार गर्न ।

१०. आफ्नो अधिकार र कर्तव्यको बताउन ।

११. आफू बसेको ठाउँको जमिनको स्वरूप, नदीनाला, वनजङ्गलका बारेमा बताउन ।

१२. आफ्नो गाउँ/सहरका बारेमा उल्लेख गर्न ।

१३. आफ्नो समाजको विगतबारे बताउन ।

१४. आफ्ना गाउँ/नगरका अगुवाहरूका बारेमा जानकारी प्राप्त गर्न ।

१५. अल्लाहको घरको परिचय दिन ।

१६. आफूले गर्न सक्ने घरपरिवारका कामहरू गर्न ।

१७. घरपरिवारमा प्रयोग हुने सामानमा मितव्ययिता अपनाउन ।

कक्षा - ३

मद्रसा शिक्षाका विद्यार्थीहरूले सामाजिक अध्ययन विषयमा कक्षा ३ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. घर परिवारमा आफ्नो जिम्मेवारी पूरा गर्न ।

२. छिमेकीहरूप्रति सद्भाव राख्दै आफूले पूरा गर्नुपर्ने कर्तव्य पालन गर्न ।

३. साथीहरूबीच आपसी सहयोग आदानप्रदान गर्न ।

४. सामाजिक मेलमिलापको व्यवहार प्रदर्शन गर्न ।

५. सामाजिक सम्पत्तिको संरक्षण गर्न ।

६. आफ्नो भेषभूषा र रहनसहनबारे जानकारी राख्न ।

७. आफ्नो धर्मको परिचय दिई आफ्ना चाडपर्वबारे बताउन ।

८. अल्लाहका बारेमा छोटकरीमा उल्लेख गर्न

। ९. मान्यजनप्रति आदर र सत्कार गर्न ।

१०. नमाजबारे जानकारी दिन ।

११. समुदायका असहाय र अशक्तलाई सहयोग र सम्मान गर्न ।

१२. समाज र मस्जिदको सम्बन्धबारे छोटकरीमा बताउन ।

१३. बालअधिकारबारे जानकारी राख्दै शिक्षालाई अधिकारका रूपमा लिन ।

१४. आफ्नो धर्म तथा संस्कृतिको अधिकारबारे सचेत रहन ।

१५. स्थानीय प्राकृतिक स्वरूपबारे बताउन ।

१६. आफू रहेको स्थानको नक्सा कोर्न ।

१७. स्थानीय प्राकृतिक सम्पदाबारे उल्लेख गर्न ।

१८. खोलफाए राशेदीन एवम् मुस्लिम समुदायका वीर विङ्गना र विभूतिका बारेमा जानकारी राख्न ।

१९. मस्जिदे नबवीको पृष्ठभूमि बताउन ।

२०. छरछिमेक र समाजले गर्ने कामहरूको सूची तयार गर्न ।

२१. स्थानीय व्यवसायका बारेमा जानकारी राख्न ।

२२. स्थानीय वस्तुको उपभोगप्रति सचेत रहन ।

कक्षा - ४

मद्रसा शिक्षाका विद्यार्थीहरूले सामाजिक अध्ययन विषयमा कक्षा ४ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. आफूले प्रयोग गर्ने घर र कक्षाकोठाको सरसफाइ गर्न ।

२. छिमेकीहरूप्रति सहयोगको आदानप्रदान गर्न ।

३. आफ्नो समाजका बारेमा जानकारी राख्दै समाजप्रति सद्भाव राख्न ।

४. सार्वजनिक स्थलको सही रूपमा प्रयोग गर्न ।

५. सामाजिक सुधारमा सहयोगी बन्न ।

६. आफ्नो संस्कृति, भेषभूषा र रहनसहनबारे सचेत रहन ।

७. समुदायका विभिन्न भाषा र भेषभूषाप्रति सम्मान व्यक्त गर्न ।

८. राष्ट्रिय चाडपर्वप्रति सम्मान व्यक्त गन

९. आफ्नो धर्मका बारेमा जानकारी दिन ।

१०. इस्लाम धर्मसंस्कृतिको आधारशिलाका रूपमा कुरआन र सुन्नतलाई लिन ।

११. गरिब, असहाय, अशक्त, वृद्धवृद्धाहरूप्रति सेवा र सम्मान प्रकट गर्न ।

१२. मादक पदार्थ सेवनबाट बच्ने उपाय तथा अन्धविश्वास र कुरीतिप्रति सचेत रहन ।

१३. मद्रसाबाट प्राप्त हुने नैतिक शिक्षालाई व्यवहारमा प्रयोग गर्न ।

१४. बालअधिकार तथा महिला अधिकारबारे जानकारी राख्दै आवश्यकताअनुसार तिनको उपयोग गर्न ।

१५. आफ्नो धर्मसंस्कृतिको अनुशरण र पालना गर्न ।

१६. नेपालको परिचय दिँदै नेपालका सांस्कृतिक सम्पदाबारे जानकारी दिन ।

१७. हाम्रा छिमेकी देशहरूको परिचय दिन ।

१८. आफ्नो समुदायको ऐतिहासिक पृष्ठभूमिको परिचय दिन ।

१९. मुस्लिमका प्राचीन इतिहासबारे जानकारी दिन ।

२०. इस्लामको सङ्क्षिप्त इतिहास बताउन ।

२१. हाम्रा विभूतिहरूको योगदान उल्लेख गर्न ।

२२. स्थानीय कृषि, पशुपालन आदि व्यवसायको परिचय दिन ।

२३. स्थानीय सीप र कलाको प्रयोग गर्न ।

कक्षा - ५

मद्रसा शिक्षाका विद्यार्थीहरूले सामाजिक अध्ययन विषयमा कक्षा ५ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. हाम्रो समाजका बारेमा जानकारी दिन ।

२. हाम्रा सामाजिक संस्थाहरूका बारेमा बताउन ।

३. सामाजिक स्थलको सही तरिकाले प्रयोग गर्दै सरसफाइमा ध्यान दिन ।

४. हामी नेपालीको परिचय दिई हाम्रो राष्ट्रको गौरवबारे जानकारी दिन ।

५. सबैसँग समान व्यवहार प्रदर्शन गर्न ।

६. समाजसेवाप्रति उत्सुक रहन ।

७. नेपालका धर्मसंस्कृति, भेषभूषा र मुख्य चाडपर्वबारे जानकारी राख्न ।

८. नेपालमा अपनाइने मुख्य धर्महरूको परिचय दिन ।

९. राष्ट्रप्रति आफ्नो दायित्व बोध गर्न ।

१०. मुस्लिम समाजका मानिसहरूको दैनिक दिनचर्या बताउन ।

११. मुस्लिम समाजका जनजीवनको परिचय दिन ।

१२. स्थानीय समुदायमा अप्ठेरोमा परेकालाई सहयोग गर्न ।

१३. मादक पदार्थ र लागूपदार्थ सेवनबाट बच्ने उपायको सूची तयार गर्न ।

१४. चोरी, डकैती जस्ता अमानवीय घटनाप्रति सजगता अपनाउन ।

१५. असल र खराब व्यवहार छुट्याई असल व्यवहारको अवलम्बन गर्न ।

१६. समाज सुधारमा मद्रसा र मस्जिदको भूमिका बारे सचेत रहन ।

१७. मौलिक अधिकार र मानव अधिकारको परिचय दिन ।

१८. इस्लामी सामाजिक निमयमबारे सचेत रही पालना गर्न ।

१९. इस्लाम धर्म शिक्षाबारे बताउन ।

२०. शान्ति शिक्षा र द्वन्द्व व्यवस्थापनका बारेमा सङ्क्षिप्त रूपमा उल्लेख गर्न ।

२१. नेपालको प्राकृतिक स्वरूप बताउँदै हाम्रा प्राकृतिक तथा राष्ट्रिय सम्पदाबारे जानकारी दिन ।

२२. सार्क राष्ट्रहरूको परिचय दिन ।

२३. महादेश र महासागरको छोटो परिचय दिन ।

२४. नेपालको प्राचीन इतिहासबारे सङ्क्षेपमा बताउन ।

२५. मुस्लिम समाजको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्न ।

२६. इस्लाम धर्म र संस्कृतिको इतिहास बारेमा छोटकरीमा बताउन ।

२७. हाम्रा सहीदहरूको योगदान बताउन ।

२८. स्थानीय श्रम र सीपको सदुपयोगबारे सचेत रहन ।

२९. हाम्रा आर्थिक क्रियाकलापका बारेमा जानकारी राख्न ।

३०. धार्मिक र सामाजिक सहिष्णुता कायम गर्न सहयोग गर्न ।

३१. नेपालको नक्सा कोर्न ।

विषयवस्तुको क्षेत्र र क्रम

विषय : सामाजिक अध्ययन

विषय	कक्षा	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा
एकाइ एक : आफू, आफ्नो घर परिवार र छरछिमेक	- आफू, आफ्नो परिवारको नाम र नाता - आफ्नो घर र परिवार - हाम्रो मद्रसाको कक्षाकोठा र गुरु	- आफू र आफ्नो जिम्मेवारी - मैले गर्ने काम - बुबा, आमा र शिक्षक - मेरा साथीहरू	- हाम्रो जिम्मेवारी - छिमेकीहरूप्रति सद्भाव र कर्तव्य - आपसी सहयोग - सामाजि	- आफूले प्रयोग गर्ने घर र कक्षाकोठाको सरसफाइ - छिमेकीहरूप्रति सहयोगको आदानप्रदा	- हाम्रो समाज - सामाजिक संस्थाहरू - सामाजिक स्थलको प्रयोग र सरसफाइ - हामी नेपाली - सबैसँग समान
एकाइ दुई : हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता	- आफूभन्दा सानालाई माया - आफूभन्दा ठूलालाई आदर - परिवारका सदस्यहरूको आदर र सम्मान - हाम्रो	- हाम्रो खाना - हाम्रो भाषा - हाम्रो मुख्य चाड : इदुल्लफीत्र, इदुल्अज्हा - अतिथि सत्कार	- हाम्रो भेषभूषा - हाम्रो रहनसहन - हाम्रो धर्म - हाम्रा मौलिक चाडपर्वहरू - अल्लाह	- हाम्रो भेषभूषा र रहनसहन - समुदायका विभिन्न भाषा, भेषभूषाहरू - राष्ट्रिय चाडपर्वहरू - हाम्रो धर्म	- हाम्रो धर्म, संस्कृति - नेपालका राष्ट्रिय भेषभूषा र मुख्य चाडपर्वहरू - नेपालका मुख्य धर्महरू - राष्ट्रप्रति हाम्रो दायित्व

विषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा
एकाइ तीन : सामाजिक समस्या र समाधान	- घर परिवारका असहाय र अशक्तलाई सहयोग र सम्मान - मस्जिदको परिचय	- छरछिमेक वा असहाय र अशक्तलाई सहयोग र सम्मान - काबाको परिचय र विशेषता	- समुदायका असहाय र अशक्तलाई सहयोग र सम्मान - अन्धविश्वास - धूमपानको असर - समाज र मद्रसाको	- गरिब, असहाय, अशक्त, वृद्धवृद्धाहरूप्रति सेवा र सम्मान - मादक पदार्थ सेवनबाट बच्ने उपाय - अन्धविश्वास र कुरीति - पोसाक	- स्थानीय समुदायमा अप्ठेरोमा परेकालाई सहयोग - मादक पदार्थ र लागुपदार्थ सेवनबाट बच्ने उपा
एकाइ चार : नागरिक चेतना	- म को हुँ - हाम्रो अधिकार	- हामी के हौं ? - हाम्रो अधिकार र कर्तव्य	- बाल अधिकार - धर्म तथा संस्कृतिको अधिकार - मौलिक अधिकार	- बाल अधिकारको उपयोग - महिला अधिकार - धर्म संस्कृतिको अनुशरण र	- मौलिक अधिकार र मानव अधिकार - सामाजिक नियम

विषय क्षेत्र	कक्षा	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा
एकाइ पाँच : हाम्रो पृथ्वी	- हाम्रो वरिपरिको हावापानी - मौसम (चार ऋतु) - नेपालको भौगोलिक बनोट - हाम्रो गाउँ ठाउँ	- हाम्रो जमिनको स्वरूप, नदीनाला को परिचय - हाम्रो वनजङ्गल - हाम्रो नगर/सहर	- हाम्रा स्थानीय प्राकृतिक स्वरूप - आफू रहेको स्थानको नक्सा -	- हाम्रो देश - हाम्रा सांस्कृतिक सम्पदा - हाम्रो देशको नक्सा - हाम्रा छिमेकी देशहरू	- हाम्रा देशको प्राकृतिक स्वरूप - हाम्रा राष्ट्रिय सम्पदाहरू - भूपरिवेष्टित देश नेपाल - हाम्रो प्राकृतिक सम्पदा
एकाइ : छ हाम्रो विगत	- हाम्रो घर परिवारको विगत - अन्तिम विश्व शान्ति दूत हजरत मुहम्मद (सल्ल)	- हाम्रो समाजको विगत - हजरत अबुबकर र ऊमर (रजि.) - मस्जिदे नबवी को परिचय	- हजरत उसमान अली (रजि.) - हाम्रा देशका मस्जिदे अक्साको इतिहास	- हाम्रो समुदाय को ऐतिहासिक पृष्ठभूमि - नेपाली मुस्लिमहरूको प्राचीन इतिहास - इस्ला	- नेपालको प्राचीन इतिहास - इस्लामी क्षेत्रको ऐतिहासिक पृष्ठभूमि - इस्लाम धर्म र संस्कृतिको इतिहास - हाम्रा फकिहहरूको योगदान
एकाइ : सात हाम्रो आर्थिक क्रियाकलाप	- मैले गर्ने कामहरू - घर परिवारको काममा सहयोग	- हामीले गर्ने कामहरू - घर परिवारमा प्रयोग हुने सामानमा मितव्ययी	- हाम्रा छरछिमेकर समाजले गर्ने कामहरू - स्थानीय	- कृषि पेसाको परिचय - पशुपालन व्यवसाय - स्थानीय	- स्थानीय श्रम र सीपको सदुपयोग - कृषिमा व्यवसायीकरण - पशुपालनमा व्यवसायीकरण

स्थानीय पाठ्यक्रम

सामाजिक अध्ययन विषयअन्तर्गत छुट्याइएको २० प्रतिशत पाठ्यभारका लागि मद्रसा रहेको स्थानीय परिवेशअनुसार दीनियात विषयका पाठ्यक्रम बनाई पठनपाठन गर्न सकिने छ :

दीनीयात

उद्देश्य

१. इस्लामका आधारभूत आस्थाहरू अर्कान(स्तम्भ), इबादात(उपासना), अजकर(जप), सङ्क्षिप्तमा भन्न
२. नमाजका शर्तहरू, अनिवार्यहरू, वाजेवाद र सुन्नत तथ ऐच्छिक भन्न
३. पहिले दोश्रो कलमाका साथ दैनिक पढिने मस्नून अज्कर प्रार्थना(दुवा) सहित उच्चारणका साथ कण्ठ गराउन र त्यसको अभ्यास गराउन
४. मुसलमानहरूको संस्कृति तथा संस्कार र ईदहरूको परिचय गराउन
५. मुस्लिम समाजको दीनी(धार्मिक) क्रियाकलाप र ईदहरूमा संम्मित हुने व्यवहार अपनाउन ।

कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
अल्लाह र उनका रसूल(स.) को बारेमा बताउन इस्लाम र मुस्लिमको बारेमा जानकारी	इस्लामका आधारभूत आस्थाहरूम ध्ये तौहिद (एकेश्वरवाद), रिसालत(इश्दुतत्व) र आखिरत (परलोक) को	पाँच अनिवार्य (कलमा) शहादत, नमाज, जकात, रोजा र हजको बारेमा छोटकरीमा जानकरी गराउने,	इस्लामका स्तम्भहरू र त्यसको बारे मा विस्तृत ज्ञान हुनु, इमाने मुफस्सल सुनाउन, आकाशीय किताबहरूको नामको जानकारी	तौहिद(एकेश्वरवाद) को विस्तृत जानकारी, रोजाको अर्थ र पभिाषा र आवश्यक नियमको जानकारी, आकाशीय किताबहरूका
सलाम गर्न, ठूलालाई आदर गर्न, बुवाआमाको इज्जत गर्न आदि क्रियाकलाप	मुहम्मद(स.)को जन्म, उमेर, आमा-बुवा र काका तथा बाजेको नामको जानकारी हने, बाजे र काका बारे	नातेदारहरूक ो हकको बारेमा जानकारी राख्न, वजू, नुहाउनु र सफा सुग्घरका बारेमा जानकारी	छिमेकीको हक अधिकर, नातेदार हरूको हक अधिकारहरूको बारेमा जानकारी राख्न, पवित्रता तथा अपवित्रताको बारेमा जान्न, दिशा-पिसाब पछिको सफाई र	संपूर्ण मुसलमानहरूको हकको बारेमा जान्न, तैयमूम, वजूको फर्ज (अनिवार्य) र सुन्नत बारेमा जानकारी, नवि(स.) को मदनी जीवनको

क्लमा तैयीबा सुनाउन, तउज र तस्मीयाहरू सुनाउन	तीन कलमा सुनाउन, रसूल हरूको नाम सुनाउन	पाँचौं कलमा सम्म सुनाउन, सूरह फातिहा र तीनवटा छोटा सूरह हरू सुनाउन, नमाजका	तक्बीर, तहरिमा, सना, कयाम, केरात, रुकू, सज्दाहरू, तस्हुद, दरुद शरिफ र त्यसपछिको दुआका साथ नमाजको	इदूल फित्र र इदूल अज्हा र जनाजहको नमाजको बारेमा व्यवहारिक अभ्यास गर्न, दुआ कुनुत सुनाउने, कुरआनको तिसौं खण्डबाट कम्तिमा दशवटा सूरहहरू कण्ठ गर्ने

अन्य सम्भावित क्षेत्रहरू

१. सांस्कृतिक क्षेत्र : चाडपर्व, भेषभूषा, रहनसहन, कलाकौशल, गीत गजल र ईदपर्व आदि ।

२. ऐतिहासिक क्षेत्र : स्थानीयस्तरका ऐतिहासिक वस्तुहरू, व्यक्तित्वहरू, प्राचीन स्मारकहरू, पुरातात्विक वस्तुहरू आदि ।

३. भौगोलिक क्षेत्र : भौगोलिक स्वरूप, हावापानी, मौसम आदि ।

४. प्राकृतिक क्षेत्र : वनजङ्गल, नदीनाला, खोला, ताल, पोखरी, डाँडा, पहाड, हिमाल, वनस्पति जडीबुटी, जीवजन्तु आदि ।

५. धार्मिक क्षेत्र : इस्लाम धर्मका गतिविधिहरू धार्मिक क्रियाकलापहरू आदि ।

६. आर्थिक क्षेत्र : कृषि, व्यापार, उद्योग, पशुपालन, अन्य साना तथा ठूला उद्योग, रोजगारका क्षेत्रहरू, आर्थिक उपार्जनसम्बन्धी गतिविधिहरू आदि ।

७. जातजाति/भाषाभाषी क्षेत्र : मुस्लिमहरूले बोल्ने भाषा/भाषिका आदि ।

८. पर्यटन क्षेत्र : पर्यटन स्थलहरू, पर्यटनसम्बन्धी कार्यक्रम, गतिविधि आदि ।

९. व्यावसायिक क्षेत्र : स्थानीयस्तरका विशेष प्रकारका व्यावसायहरू (राडी, खेती, ऊन, पशुपालन, जडीबुटी आदि) ।

१०. स्वास्थ्य क्षेत्र : फोहोरमैला व्यवस्थापन, खानेपानी, सामुदायिक स्वास्थ्य, प्राथमिक उपचार आदि ।

११. वातावरण क्षेत्र : वृक्षरोपण, प्राकृतिक प्रकोप, वनजङ्गल संरक्षण आदि ।

१२. शैक्षिक क्षेत्र : साहित्य, साक्षरता, भाषा, संस्कृति आदि ।

१३. सामाजिक सङ्घ संस्थाहरू : हुलाक, प्रहरी चौकी, स्वास्थ्य संस्था, गैरसरकारी तथा समुदायमा आधारित सङ्घ संस्थाहरू आदि

माथि उल्लेख गरिएका क्षेत्रहरू बाहेक पनि अन्य धेरै क्षेत्रभित्र अनेकौं विषयवस्तुहरू हुन सक्छन् । तिनीहरूमध्येबाट छुट्याइएको समय र मद्रसाको आवश्यकतालाई ध्यानमा राखी छनोट गरी पाठ्यपाठन

गर्नुपर्ने हुन्छ । क्षेत्र तथा विषयवस्तुहरू छनोट गर्दा निश्चित क्षेत्र तथा विषयवस्तुहरूलाई नै कक्षा १ देखि ५सम्म मिलाएर पाठ्यक्रम बनाउन पनि सकिने छ । एउटा कक्षामा एक क्षेत्र वा विषयवस्तु र अर्को कक्षामा अर्कै क्षेत्र वा विषयवस्तु पनि छनोट गरी पठनपाठन गर्न सकिने छ । स्थानीयरूपमा छनोट गरी पठनपाठन गरिएका विषयवस्तुका लागि पनि मूल्याङ्कन प्रक्रियामा समावेश गर्नुपर्ने छ । यी विषयवस्तुहरूको पनि उपलब्धि परीक्षा लगायत निरन्तर मूल्याङ्कनसमेत गर्नुपर्ने छ ।

६. शिक्षणसिकाइ प्रक्रिया

मद्रसा शिक्षाको आफ्नो मौलिक शिक्षण प्रक्रियाअनुसार सामाजिक अध्ययन विषयका विषयवस्तु अनुकूल हुनेगरी विभिन्न शिक्षण विधिका माध्यमबाट यस विषयका उद्देश्य प्राप्त गर्न सकिने छ तापनि प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरू कलिलो उमेरका हुने भएकाले बालकेन्द्रित शिक्षण विधि अपनाई शिक्षण गर्नु उपयुक्त हुन्छ । विशेषत: "गरेर सिक" (भिबचप्लन दथ मयप्लन) को सिद्धान्तअनुसार हरेक क्रियाकलापमा विद्यार्थीको समूह बनाएर उनीहरूमा सामाजिक अध्ययनसम्बन्धी ज्ञान, सीप र अभिवृत्ति विकास गराउन जरुरी हुन्छ । शिक्षणसिकाइ क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । विधिको छनोट गर्दा विद्यार्थीको
रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सीप विकास गराउनुपर्दछ । विद्यार्थीहरूलाई गीत, कविता, कथा, प्रतिवेदन, समाचार, सम्पादकीय, चिठी संवाद आदिका माध्यमद्वारा विषयवस्तुमा दखल गराउन
सकिन्छ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई परियोजनाकार्य (उचयवभअत धयचप) को व्यवस्थासमेत गरी उनीहरूकै सक्रिय सहभागिताबाट सिकेको ज्ञान चीरस्थायी बनाउन र जुनसुकै समस्या आइपरे पनि त्यसको समाधान गर्न सक्ने सीपको विकास गराउन त्यसलाई विशेष ध्यान दिन आवश्यक हुन्छ । शिक्षणसिकाइ कार्यलाई प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसार विविध शिक्षण विधिहरू प्रयोगमा ल्याउन सकिन्छ । उदाहरणका लागि- (क) प्रश्नोत्तर (ख) छलफल (ग) योजना कार्य (घ)
स्थलगत भ्रमण (ङ) समस्या समाधान (च) खोज/ अनुसन्धान (छ) कथाकथन (ज) आगमन (झ) भूमिका अभिनय (ञ) नक्सा अध्ययन (ट) टिपोट लेखन (ठ) धार्मिक प्रवचन (ड) धार्मिक क्रियाकलाप आदि ।

७. विद्यार्थी मूल्याङ्कन

मद्रसा शिक्षाको आफ्नै मौलिक शिक्षण प्रक्रियाअनुसार विद्यार्थीले प्राप्त गरेका ज्ञान, सीप, क्षमताको मूल्याङ्कन गर्न सकिन्छ । यस विषयमा विशेष गरेर यस विषयमा औपचारिक लिखित परीक्षालाई भन्दा पनि विद्यार्थीमा अपेक्षित व्यवहार परिवर्तन भए नभएको मूल्याङ्कन गर्न अवलोकनको समेत प्रयोग गर्नुपर्दछ । अपेक्षित उद्देश्य हासिल नभएसम्म शिक्षणसिकाइ प्रक्रियामा निरन्तरता दिइरहनुपर्दछ । निरन्तर मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूको कठिनाइ पत्ता लगाउने र पत्ता लागिसकेपछि
सुधारको कोसिस जारी राख्नुपर्दछ । विद्यार्थीका सिकाइ स्तरका बारेमा सबभन्दा बढी शिक्षकलाई
जानकारी हुने हुँदा विद्यार्थीको सिकाइ स्तर हेरी निरन्तर रूपमा विद्यार्थीक

आवश्यकताअनुसार सुधारात्मक शिक्षण गर्नुपर्दछ । ो मूल्याङ्कन गरी

विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन उनीहरूले गरेको कक्षाकार्य, धार्मिक अनुष्ठान कार्य, गृहकार्य, कक्षामा

सहभागिता, व्यावहारिक परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी आदिका आधारमा गरेर अभिलेख समेत राख्नुपर्दछ । विद्यार्थीहरूको आवधिक रूपमा उपलब्धि परीक्षासमेत लिई दुवै प्रकारको मूल्याङ्कनको

प्रतिवेदन तयार गरेर विद्यार्थीलाई जानकारी गराउनुपर्दछ ।

सिर्जनात्मक कला

१. परिचय

बालबालिकाभित्र असङ्ख्य सम्भावनाहरू लुकेर रहेका हुन्छन् । तिनलाई उजागर गरी उनीहरूभित्र रहेको क्षमतालाई प्रष्फुटन गराउनका लागि सिर्जनात्मक कलाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस विषयमा

सांस्कृतिक एवम् साहित्यिक क्षेत्रका विषयवस्तुलाई पनि समेटिने छ । सिर्जनात्मक कला विषयले बालबालिकाहरूमा अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जनाजस्ता कुराहरूलाई भाषण र गीत कलाका माध्यमले अभिव्यक्त गर्न सघाउँछ । किनभने यस विषयको माध्यमबाट बालबालिकाहरूले आफ्ना अनुभूति, अनुभव र सिर्जनालाई स्वतन्त्र र मौलिक रूपमा अभिव्यक्त गर्न सहयोग पुग्छ । त्यसैले मद्रसा शिक्षा प्रणालीका लागि विकास गरिएको यस पाठ्यक्रममा पनि सिर्जनात्मक कला विषय पनि समावेश गरिएको हो ।

सिर्जनात्मक कलाअन्तर्गत दृश्यकला (चित्रकला र हस्तकला) र सङ्गीत पर्दछ । सङ्गीतअन्तर्गत पनि गायन, वादन र नृत्य पर्दछ । सबैले सजिलै बुझ्ने र सबैलाई बुझाउन सकिने माध्यम दृश्यकला भएकाले यसलाई अन्तरराष्ट्रिय भाषा पनि भनिन्छ । दृश्यकला अभिव्यक्तिको सशक्त माध्यम हो । त्यस्तै

सङ्गीतबीच गहिरो सम्बन्ध रहेको हुन्छ । बालमनोविज्ञानअनुसार बालबालिकाहरू स्वभावैले खेल्न, गाउन रुचाउने भएकाले पनि यो विषय प्राथमिक तहमा अनिवार्य विषयका रूपमा रहेको छ । इस्लामी तालिमका आफ्नै प्रकारका कला र संस्कृति समेत रहेकाले तिनको जगेर्ना गर्दै बालबालिकामा इस्लामी शिक्षा परम्परा अनुकूल सिर्जनात्मक कलाको विकास गराउन यो पाठ्यक्रम विकास गरिएको हो । सानै उमेरदेखि बालबालिकामा आफ्नो कला र संस्कृतिप्रति अभिरुचि हुन गई त्यसको संवर्धन र प्रवर्धनमा

सहयोग पुग्ने अपेक्षा यस पाठ्यक्रमले गरेको छ

।

२. साधारण उद्देश्यहरू

प्राथमिक तह पूरा गरेपछि विद्यार्थीहरू सिर्जनात्मक कला विषयमा निम्नानुसारका काय गर्न सक्षम हुनेछन् :

१. सिसाकलम तथा इरेजरको प्रयोग गरी आफ्नो क्षमताअनुसार विभिन्न बुट्टा, आकार तथा आकृतिहरू

कोर्न र तिनमा आवश्यक रङ भर्न

।

२. आफूलाई मनपर्ने आकृति, चित्र आदि स्वतन्त्र रूपले बनाउन ।

३. आफ्नो वरपरका वस्तु, बोटबिरुवा, जनावर आदि स्थानीय वस्तुहरूको चित्राङ्कन गरी रङ लगाउन

४. विभिन्न प्रकारका रङको प्रयोग गर्न ।

५. विभिन्न रङको मिश्रण गरी नयाँ रङको निर्माण गरेर प्रयोग गर्न ।

६. स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीबाट रङ बनाई प्रयोग गर्न ।

७. विभिन्न वस्तुबाट बुट्टा, आकृति बनाई छपाइ गर्न ।

८. विभिन्न कागज, पात, वस्तु आदि काटेर, च्यातेर तथा टाँसेर आफूलाई मनपर्ने आकृति निर्माण गर्न ।

९. कागजबाट विभिन्न वस्तु तथा आकृति निर्माण गर्न तथा सजावटका लागि विभिन्न बुट्टाको निर्माण गर्न ।

१०. इस्लामी बालगीत, धार्मिक गीतहरू उपयुक्त लय तालमा एकल तथा समूहमा गाउन ।

११. विभिन्न धार्मिक गानहरू हाउभाउका साथ एकल तथा समूहमा गाउने अभ्यास गर्न ।

विशिष्ट उद्देश्यहरू

कक्षा - १

मद्रसा शिक्षाका विद्यार्थीहरूले सिर्जनात्मक कला विषयमा कक्षा १ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. किरमिरे चित्राङ्कन गर्न ।

२. विभिन्न प्रकारका आकारहरू कोर्न ।

३. तीनरङहरू चित्रमा प्रयोग गर्न ।

४. हातका औँला, मुद्रा आदिबाट छपाइ गर्न ।

५. विभिन्न कागज, पात आदिको प्रयोग गरी आकृति निर्माण गर्न ।

६. कागजको प्रयोग गरी विभिन्न आकृति निर्माण गर्न ।

७. इस्लामी बालगीत गाउन ।

८. विभिन्न धार्मिक कर्मकाण्डको अनुकरणको अभ्यास गर्न ।

कक्षा - २

मद्रसा शिक्षाका विद्यार्थीहरूले सिर्जनात्मक कला विषयमा कक्षा २ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. आफूलाई मनपरेका वस्तुहरूको रेखाङ्कन गर्न ।

२. विभिन्न वस्तुहरूको चित्र कोर्ने अभ्यास गर्न

३. स्थानीय क्षेत्रमा उपलब्ध रङको प्रयोग गर्न ।

४. तीनरङको प्रयोग गर्न ।

५. विभिन्न वस्तुबाट बुट्टा तथा आकृति काटी छपाइ गर्न ।

६. विभिन्न कागज, पात आदि च्यातेर, टाँसेर मनपर्ने आकृति निर्माण गर्न ।

७. माटो प्रयोग गरी विभिन्न फूल बुट्टाका आकृति निर्माण गर्न ।

८. कागजबाट विभिन्न फूल बुट्टाका आकृति निर्माण गर्न ।

९. विभिन्न सरल धार्मिक गीतहरू गाउने अभ्यास गर्न ।

१०. स-साना कुर्आनी आयातहरू पाठ गर्न ।

कक्षा - ३

मद्रसा शिक्षाका विद्यार्थीहरूले सिर्जनात्मक कला विषयमा कक्षा ३ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. विभिन्न वस्तुहरूबाट रेखाङ्कन तथा चित्र कोर्ने अभ्यास गर्न ।

२. आफ्ना वरपरका वस्तु तथा बोटबिरुवाको आकृति निर्माण गर्न ।

३. विभिन्न प्रकारको रङको प्रयोग गर्न ।

४. विभिन्न चित्र, वस्तुहरूमा उचित रङको प्रयोग गर्न ।

५. विभिन्न वस्तुबाट विभिन्न प्रकारका आकृति छपाइ गर्न ।

६. विभिन्न कागज, पात आदि च्यातेर टाँस गरेर मनपर्ने आकृति निर्माण गर्न ।

७. माटो प्रयोग गरी विभिन्न प्रकारका फलफूल तथा साधारण बुट्टा निर्माण गर्न ।

८. कागजबाट विभिन्न वस्तु तथा आकृति निर्माण गर्न ।

९. विभिन्न धार्मिक गीतहरू उपयुक्त लय हाली गायन गर्न ।

१०. कुर्आनी आयात तथा धार्मिक गीतहरू पढ्न ।

कक्षा - ४

मद्रसा शिक्षाका विद्यार्थीहरूले सिर्जनात्मक कला विषयमा कक्षा ४ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. विभिन्न ज्यामितीय आकारहरूको निर्माण गर्न ।

२. विभिन्न धार्मिक स्थलहरूको आकृति निर्माणको अभ्यास गर्न ।

३. स्थानीय वस्तु तथा जनावरहरूको चित्राङ्कन गर्न ।

४. पानी रङलगायत विभिन्न रङको प्रयोग गर्न ।

५. विभिन्न चित्रका वस्तुहरूमा उचित रङको प्रयोग गर्न ।

६. पिठो तथा माटोबाट विभिन्न आकृति छपाइ गर्न ।

७. विभिन्न कागज, पात आदि काटेर, च्यातेर तथा टाँसेर मनपर्ने आकृति निर्माण गर्न ।

८. माटो प्रयोग गरी फलफूल, चरा, जनावर आदिका आकृति निर्माण गर्न ।

९. कागजबाट विभिन्न वस्तुका नमुना निर्माण गर्न ।

१०. पट्याएको कागजबाट कैंचीले काटी सजावटका बुट्टा तयारी गर्न ।

११. विभिन्न धार्मिक गीतहरू उपयुक्त लय तालमा एकल र समूहमा गायन गर्न ।

१२. इस्लाम धर्मसँग सम्बन्धित विभिन्न धार्मिक कर्मकाण्डको अभ्यास गर्न ।

कक्षा - ५

मद्रसा शिक्षाका विद्यार्थीहरूले सिर्जनात्मक कला विषयमा कक्षा ५ पूरा गरेपछि निम्नलिखित कार्यहरू गर्न सक्ने छन् :

१. स्थानीय वस्तु तथा जनावरहरूको चित्राङ्कन गर्न ।

२. विभिन्न धार्मिक वस्तुहरूको चित्राङ्कन अभ्यास गर्न ।

३. विभिन्न रङको मिश्रण गरी नयाँ रङको निर्माण गरेर प्रयोग गर्न ।

४. स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीबाट रङ बनाई प्रयोग गर्न ।

५. आलु, मुला, फर्सी आदिको सतहमा बुट्टा कटाइ तथा छपाइ गर्न ।

६. पातहरूबाट छपाइ गर्न र काठको ब्लबबाट विभिन्न रङको झन्डा पताका छाप्न ।

७. विभिन्न किसिमका कागजलाई काटेर, च्यातेर तथा टाँसी आकृतिको तयारी वा संयोजन गर्न ।

८. गेडागुडी, रङ्गीन ढुङ्गा, चुराका टुक्रा आदि प्रयोग गरी आकृति निर्माण गर्न ।

९. माटोबाट विभिन्न फलफूल, चरा, जनावरलगायतका मनपर्ने वस्तुका नमुना निर्माण गर्न ।

१०. कागजबाट विभिन्न वस्तुका नमुना निर्माण गर्न ।

११. सजावटका लागि विभिन्न बुट्टाको निर्माण गर्न ।

१२. विभिन्न धार्मिक तथा स्थानीय गीतहरू लय तथा तालमा एकल तथा समूहमा गायन गर्न ।

१३. इस्लाम धर्मसँग सम्बन्धित विभिन्न धार्मिक कर्मकाण्डको अभ्यास गर्न ।

विषय : सिर्जनात्मक कला

विषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
१. रेखा चित्र	- किरमिरे चित्राङ्कन - विभिन्न आकार को निर्माण	- मन परेका वस्तुहरू को रेखाङ्कन - विभिन्न वस्तुहरूको चित्र कोर्ने अभ्यास	- विभिन्न वस्तुहरूबाट रेखाङ्कन तथा चित्र कोर्ने अभ्यास - आफ्ना वरपरका वस्तु तथा बोटबिरुवा	- विभिन्न ज्यामितीय आकारहरू को निर्माण - विभिन्न धार्मिक वस्तुहरू को आकृति निर्माण अभ्यास	- स्थानीय वस्तुको चित्राङ्कन - विभिन्न धार्मिक वस्तुहरूको चित्राङ्कन अभ्यास - मस्जिदको चित्राङ्क
२. रङ	- तीन रङको चित्रमा प्रयोग	- स्थानीय क्षेत्रमा उपलब्ध रङको प्रयोग - तीन रङको प्रयोग	- विभिन्न प्रकार को रङको प्रयोग - विभिन्न चित्र	- पानी रङलगायत विभिन्न रङको प्रयोग - विभिन्न चित्र	- विभिन्न रङको मिश्रण गरी नयाँ रङको निर्माण गरेर प्रयोग - स्थानीय
३. छपाइ कार्य	- हातका औंला, मुद्रा आदिबाट छपाइ	- विभिन्न वस्तुबाट बुट्टा वा आकृति काटी	- विभिन्न वस्तुबाट विभिन्न प्रकारका	- पिठो तथा माटोबाट	- आलु, मुला, फर्सी आदिको सतहमा बुट्टा कटाइ तथा
४. कोलाज	- विभिन्न कागज, पात आदिको प्रयोग गरी आकृति निर्माण	- विभिन्न कागज, पात आदि च्यातेर टाँस गरेर मनपर्ने आकृति निर्माण	- विभिन्न कागज, पात आदि च्यातेर टाँस गरेर मनपर्ने आकृति	- विभिन्न कागज, पात आदि काटेर, च्यातेर तथा टाँसेर मनपर्ने आकृ	- विभिन्न किसिमका कागजलाई काटेर, च्यातेर तथा टाँसी आकृतिको तयारी वा संयोजन

विषय क्षेत्र	कक्षा	कक्षा	कक्षा ३	कक्षा ४	कक्षा ५
५. माटोको काम	- माटो प्रयोग गरी विभिन्न आकृति निर्माण	- माटो प्रयोग गरी विभिन्न फूल बुट्टाका आकृति निर्माण	- माटो प्रयोग गरी विभिन्न प्रकारका फलफूल तथा साधारण	- माटो प्रयोग गरी फलफूल, चरा, जनावर आदिका आकृति	- माटोबाट विभिन्न फलफूल,
६. कागजको काम	- कागजको प्रयोग गरी विभिन्न आकृति निर्माण	- कागजबाट विभिन्न फूल बुट्टाका आकृति निर्माण	- कागजबाट विभिन्न वस्तु तथा आकृति निर्माण	- कागजबाट विभिन्न वस्तुका नमुना निर्माण - पट्याएको कागजबाट	- कागजबाट विभिन्न वस्तुका नमुना निर्माण जस्तै : डालो,
७. सङ्गीत (क) गायन र वाद्य वादन	- स्थानीय गीत बालबोलीमा गायन	- विभिन्न सरल धार्मिक गीतहरूको गायन	- विभिन्न धार्मिक गीतहरू उपयुक्त लय हाली गाउन	- विभिन्न धार्मिक गीतहरू उपयुक्त लय तालमा एकर समूहमा गायन	- विभिन्न धार्मिक तथा स्थानीय गीतहरू लय तथा तालमा एकल तथा समूहमा गाउन - विभिन्न
(ख) नृत्य तथा	- नमाजको अनकरण	- नमाजको अनुकरण	-	-	-

स्थानीय पाठ्यक्रम गरी आवश्यकतानुसार स्थानीय तहमा पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नुपर्ने

सिर्जनात्मक कला विषयमा स्थानीय क्षेत्रका केही विषयवस्तुहरू समावेश गरी पठनपाठन गराउने व्यवस्था भएअनुरूप यस विषयको पाठ्यक्रममा स्थानीय क्षेत्रका विषयहरू (जस्तै : रेखाङ्कन र त्यसको प्रयोग, स्थानीय रङ र छपाइ कार्य, बुनाइ, निर्माण, हम्द, नअत, नजम र गजल, नाटक आदि) लाई समेटेर पठनपाठन गराउन २० प्रतिशत पाठ्यांश छुट्याइएको छ । यसका लागि इस्लामी कला, इस्लाम धर्मअनुकूलका सिर्जनात्मक कलाविषय क्षेत्रका पाठ्यविषय छनोट
छ ।

६. शिक्षणसिकाइ प्रक्रिया

सिर्जनात्मक कलाप्रतिको रुचि र सीपको सम्बन्ध बालबालिकाको संवेगसित रहन्छ । सबै बालबालिकामा चित्राङ्कनप्रति रुचि र क्षमता समान मात्रामा रहँदैन । प्रत्येक विद्यार्थीको वैयक्तिक विभिन्नतालाई दृष्टिगत उनीहरूको सिर्जनात्मक क्षमता प्रष्फुटनमा सहयोग पुग्ने गरी अध्यापन गर्नुपर्छ । उदाहरणका लागि दसजना विद्यार्थीलाई मद्रसाको चित्र बनाउन लगाइयो भने दसजनाले दस किसिमका मद्रसाको चित्र बनाउने छन् । कसैले निकै राम्रो बनाउलान्, कसैले ठीकै बनाउलान् र कसैले नराम्रो पनि बनाउलान् तर त्यो मौलिक सिर्जना एवम् अभिव्यक्ति हो । शिक्षकले बालबालिकामा निहित यिनै मौलिक चिन्तन र सिर्जना गर्ने प्रवृत्तिलाई उत्प्रेरित दिनुपर्छ । उनीहरूलाई मौलिक सिर्जना गर्नेतर्फ सधैँ हौसला दिइरहनुपर्छ । बालकलाको सुन्दरता एवम् महत्त्व पनि यसैमा रहेको हुन्छ ।

सिर्जनात्मक कला विषयको शिक्षणमा निम्नलिखित बुँदाहरूमा ध्यान दिनुपर्छ :

१. साधारण रेखाहरूबाट विभिन्न सरल आकृतिहरू बनाउने तरिका देखाएर बालबालिकाहरूलाई उत्प्रेरित गर्दै उनीहरू भित्र लुकेर रहेको क्षमता उजागर गर्नुपर्छ ।

२. दृश्यकला विषयको अध्यापन गर्दा माध्यममा कुनै नियन्त्रण हुनुहुँदैन । सकेसम्म विविध सामग्रीहरूद्वारा बालबालिकाहरूलाई चित्र लेख्न उत्प्रेरित गर्नुपर्छ ।

३. बालबालिकाहरूलाई जटिल विषयको चित्र बनाउन नलगाई क्रमशः सरलबाट जटिल विषयसम्बन्धी चित्र देखाएर कार्य गराउनुपर्छ ।

४. दृश्यकलाको शिक्षण गर्दा बालबालिकाले बुझ्न सक्ने सरल तरिकाहरू सिकाउनुपर्छ । जस्तै : गोलोभित्र मानिसको मुख लेख्ने, गोलो तीनकुने, चारपाटे, लाम्चोबाट घर लेख्ने आदि ।

५. विभिन्न पुस्तक र पत्रपत्रिकामा प्रकाशित रेखाचित्रहरू सङ्कलन गरी अथवा शिक्षक स्वयम्ले साधारण रेखाचित्रहरू कोरी विद्यार्थीहरूलाई तिनमा रङ भर्न लगाउन सकिन्छ ।

६. विद्यार्थीहरूले बनाएका चित्रमाथि शिक्षकले रेखाचित्रहरू सङ्कलन गरी अथवा शिक्षक स्वयम्ले साधारण रेखाचित्रहरू कोरी विद्यार्थीहरूलाई तिनमा रङ भर्न लगाउन सकिन्छ ।

७. विद्यार्थीहरूले बनाएका चित्रमाथि शिक्षकले सुधार गरिदिनुहुन्न । यसो गर्नाले उनीहरू हतोत्साही हुने र उनीहरूको आत्मविश्वासमा समेत आघात पर्न जाने हुन्छ । तसर्थ शिक्षकले उनीहरूलाई सुधारका लागि निर्देशन दिँदा कालोपाटीमा अथवा अर्को कागजमा लेखेर देखाउनुपर्छ ।

८. चित्र लेखाउँदा स्केल (रुलर) आदिको प्रयोग बिलकुलै गर्न लगाउनुहुँदैन ।

९. शिक्षकले तोकिदिएको विषयवस्तुको मात्र चित्र बनाउन नलगाई कहिलेकाहीँ बालबालिकाहरूलाई काल्पनिक चित्र पनि बनाउन लगाउनुपर्छ । यसले उनीहरूलाई मौलिक एवम् सिर्जनशील बन्नमा मदत पुऱ्याउँछ ।

१०. चित्रकलाको सम्बन्ध बालबालिकाको संवेगसित रहने हुनाले शिक्षकले आफ्ना प्रत्येक विद्यार्थीको मनोविज्ञानलाई बुझ्ने प्रयत्न गरिरहनुपर्छ ।

७. विद्यार्थी मूल्याङ्कन

मद्रसा शिक्षाका आफ्नै खालका मौलिक प्रकारका मूल्याङ्कन प्रक्रिया हुन सक्छन् तापनि यस विषयमा गरिने सम्पूर्ण कार्यहरू सीप, ज्ञान तथा क्रियाकलापसँग सम्बन्धित हुने भएकाले यसको मूल्याङ्कन पनि यस विषयको प्रकृति र स्वरूपअनुसार गर्नुपर्छ । जस्तै: विद्यार्थीहरूलाई कुनै चित्र कोर्न दिइएको छ भने

सोको मूल्याङ्कन प्रक्रियालाई पनि शिक्षणसिकाइ क्रियाकलापकै एक अभिन्न अङ्गका रूपमा सँगसँगै

लिएर जानुपर्ने हुन्छ । यो विषय पूर्णरूपले प्रयोगात्मक विषय भएकाले यसको मूल्याङ्कन गर्दा प्रयोगात्मक कार्यकै आधारमा गर्नुपर्छ । यस्तो प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा सबैलाई हौसला दिने मूल्याङ्कन गर्दा विद्यार्थीहरूको कार्यलाई प्रशंसा गर्ने तथा विद्यार्थीविद्यार्थीबीचको कार्यहरूको तुलना कहिल्यै पनि गर्न हुँदैन । सकेसम्म उनीहरूको कार्यको प्रशंसा गर्नुका साथै उनीहरूमा स्वतन्त्र रूपले चित्र निर्माण, आत्मविश्वास, मौलिक सोचाइ, सौन्दर्यप्रति आस्था तथा खोजी गर्ने बानीको विकास हुने क्रियाकलाप गरी सबैलाई हौसलात्मक कुरा गर्ने तथा सिर्जनात्मक कार्यहरूमा उत्प्रेरित गर्नुपर्दछ । यस विषयका उद्देश्यअनुसार आवश्यकताबमोजिम प्रयोगात्मक बाहेकका अरू खालका मूल्याङ्कन विधि पनि अपनाउन सकिने छ ।

उर्दू भाषा

१. परिचय

भाषा विचार आदानप्रदानको महत्त्वपूर्ण साधन हो । भाषाकै कारणले आज संसारभरका मानिस एकअर्काबीच विचार र अनुभव आदानप्रदान गर्न सफल भएका छन् । संसारभर हजारौं भाषाहरू प्रयोगमा आइरहेका छन् । यी भाषाहरू विभिन्न कारणले गर्दा कतिपय झन्झन् विकसित हुँदै गइरहेका

छन् भने कतिपय लोप भइसके भने कतिपय लोपोन्मुख स्थितिमा छन् । भाषा मानिसको एक मौलिक पहिचानको आधार हो । त्यसैले हरेक समुदायले बोल्ने भाषाको संरक्षण र जगेर्ना गर्नु आजको अपरिहार्य आवश्यकता हो । नेपालमा विभिन्न प्रकारका भाषाहरू बोलिन्छन् । यसकारण मद्रसा शिक्षामा उर्दू भाषालाई प्राथमिकता दिइएको हो ।

इस्लाम धर्मका बारेमा उर्दू भाषामा धेरै लेखिएको छ । उर्दू भाषा प्रयोग गर्न सक्नेलाई इस्लाम धर्मका बारेमा अध्ययन गर्न र इस्लाम धर्म बुझ्न सहयोग पुग्छ । नेपालका तराई क्षेत्रका मुसलमानहरूले उर्दू भाषाको प्रयोग गर्ने गरेको पनि पाइन्छ । त्यसैले इस्लाम धर्म मान्नेहरूमा उर्दू भाषाको ज्ञान हुनु आवश्यक ठानिन्छ । यस कुरालाई मनन् गरी मदरसा शिक्षामा कक्षा १-५ का लागि साप्ताहिक तीन पाठ्यभारको उर्दू भाषाको पाठ्यक्रम विकास गरिएको हो ।

२. साधारण उद्देश्य

प्राथमिक तहको अध्ययन पूरा गरेपछि उर्दू भाषामा विद्यार्थीहरूले निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

- ☐ उर्दू भाषामा दिइएका निर्देशन सुनेर पालना गर्न ।
- ☐ उर्दू भाषामा गरिएका कुराकानी बुझ्न ।
- ☐ उर्दू भाषाका शब्द शुद्ध उच्चारण गरी सामान्य कुराकानी गर्न ।
- ☐ उर्दू भाषामा लेखिएका सुचना शुद्ध र प्रस्ट उच्चारण गरी पढ्न ।
- ☐ उर्दू भाषामा लेखिएका सामान्य सूचना पढेर बुझ्न ।
- ☐ बान्की मिलाएर ठीक दुरीमा उर्दू अक्षर लेख्न ।
- ☐ उर्दू भाषामा छोटा अनुच्छेद र साधारण चिठीपत्र तयार गर्न ।

३. विशिष्ट उद्देश्य

मद्रसा शिक्षाका विद्यार्थीहरूले उर्दू भाषामा प्राथमिक तह पूरा गरेपछि निम्नानुसारका कार्य गर्न सक्ने छन् :

सिकाइ उपलब्धि तालिका

क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
सुनाइ	उर्दू भाषामा साधारण निर्देशन सुनेर	उर्दू भाषामा साधारण निर्देशन सुनेर पालना गर्न	उर्दू भाषामा निर्देशन सुनेर पालना गर्न	उर्दू भाषाम	उर्दू भाषामा निर्देशन सुनेर पालना गर्न

	उर्दू भाषाका	उर्दू भाषाका	उर्दू	उर्दू भाषाका	उर्दू भाषाका उस्तें

	सुनेर छुट्याउन	वर्णहरू सुनेर छुट्याउन	उस्तै ध्वनि सुनिने	ध्वनि सुनिने शब्दहरू सुनेर	सुनिने शब्दहरू सुनेर
	उर्दू भाषामा समान्य सोधपुछ सुनेर जवाफ दिन	उर्दू भाषामा समान्य सोधपुछ सुनेर जवाफ दिन	उर्दू भाषामा सोधपुछ गरेका	उर्दू भाषामा सोधपुछ गरेका कुराको	उर्दू भाषामा सोधपुछ गरेका कुराको जवाप दिन
	उर्दू भाषाका साधारण बालकथा सनेर	उर्दू भाषाका साधारण बालकथा	उर्दू भाषाका	उर्दू भाषाका बालकथा सुनेर प्रतिक्रिया	उर्दू भाषाका बालकथा सनेर प्रतिक्रिया
बोलाइ	उर्दू भाषाका सग्ला अक्षरले बनेका शब्दको शुद्ध उच्चारण	उर्दू भाषाका सग्ला अक्षरले बनेका शब्दको शुद्ध उच्चारण	उर्दू भाषाका जोडेमोडेका	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका शब्दको शुद्ध	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका शब्दको शुद्ध उच्चारण गर्न
	परिचित व्यक्तिसँग उर्दू भाषामा साधारण कुरा सोधपुछ गर्न	परिचित व्यक्तिसँग उर्दू भाषामा साधारण करा	उर्दू भाषामा शिष्टाचारका शब्द	उर्दू भाषामा शिष्टाचारका शब्द प्रयोग	उर्दू भाषामा शिष्टाचारका शब्द प्रयोग गरी सोधपुछ र साधारण कराकानी
	उर्दू भाषाका साधारण बालगीत सुनेर हाउभाउ	उर्दू भाषाका साधारण बालगीत सुनेर हाउभाउ	उर्दू भाषाका बालगीत सुनेर	उर्दू भाषाका बालगीत हाउभाउ	उर्दू भाषाका बालगीत हाउभाउ सहित गाउन
	उर्दू भाषामा छोटा बाल	उर्दू भाषामा छोटा बाल	उर्दू भाषामा बाल कथा	उर्दू भाषामा बाल कथा	उर्दू भाषामा बाल कथा भन्न
				उर्दू भाषामा परिचित कुराको वर्णन गर्न	उर्दू भाषामा परिचित कराको वर्णन गर्न
पढाइ	उर्दू भाषाका वर्णहरू चिन्न र शुद्ध उच्चारण गरी	उर्दू भाषाका वर्णहरू चिन्न र शुद्ध			
	उर्दु भाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्य सस्वर पढ्न	उर्दू भाषाका सग्ला अक्षरले बनेका मात्रा सहितका सरल शब्द र सस्वर वाक्य	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका सरल शब्द र वाक्य शुद्ध	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका शब्द र वाक्य शुद्ध	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका शब्द र वाक्य शुद्ध उच्चारण गरी पढ्न
	उर्दू भाषाका सरल बाल कथा सस्वर	उर्दु भाषाका सरल बाल कथा सस्वर	उर्दू भाषाका बालकथा मौन	उर्दू भाषाको सरल बालकथा मौन	उर्दू भाषाको सरल बालकथा मौन रूपमा पढेर
			उर्दू भाषाका साधारण सूचना	उर्दू भाषाका साधारण सूचना सामग्री पढेर	उर्दू भाषाका साधारण सूचना सामग्री पढेर

लेखाइ	उर्दू भाषाका वर्णहरू [illegible]	उर्दू भाषाका वर्णहरू [illegible]	उर्दू भाषाका वर्णहरू [illegible]	उर्दू भाषाका वर्णहरू [illegible]	उर्दू भाषाका वर्णहरू बान्की मिलाएर लेख्न
	उर्दू भाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्यहरूको	उर्दू भाषाका मात्रा सहितका सग्ला अक्षरले बनेका शब्द	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका सरल शब्द	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका शब्द र वाक्यको	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका सरल शब्द र वाक्यहरू अनुलेखन
	उर्दू भाषाका सग्ला अक्षरबाट हिज्जे मिलाएर [illegible]	उर्दू भाषाका सग्ला अक्षरबाट हिज्जे मिलाएर [illegible]	उर्दू भाषामा हिज्जे मिलाएर [illegible]	उर्दू भाषामा हिज्जे मिलाएर शब्द [illegible]	उर्दू भाषामा हिज्जे मिलाएर शब्द निर्माण गर्न
	उर्दू भाषाका सग्ला अक्षरले बनेका सरल शब्दको श्रुति लेखन गर्न	उर्दू भाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्यको	उर्दू भाषाका सग्ला अक्षरले बनेका शब्द र वाक्उको	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका सरल शब्द र	उर्दू भाषाका जोडेमोडेका अक्षरले बनेका सरल शब्द र वाक्यको श्रुति
			दिइएका प्रश्न वा बुँदाका भाधारमा उर्द भाषामा	दिइएका प्रश्न वा बुँदाका भाधारमा उर्दू भाषामा छोटो अनुच्छेद तयार गर्न	दिइएका प्रश्न वा बुँदाका भाधारमा उर्दू भाषामा छोटो अनुच्छेद तयार गर्न
				उर्दू भाषामा परिचित कुराका बारेमा छोटो	उर्दू भाषामा परिचित कुराका बारेमा छोटो अनुच्छेद तयार
					साधारण घरायसी चिठी
		लेखाइमा साधारण चिह्नको प्रयोग गर्न	लेखाइमा साधारण चिह्नको [illegible]	लेखाइमा साधारण चिह्नको प्रयोग गर्न	लेखाइमा साधारण चिह्नको प्रयोग गर्न
कार्यमूलक व्याकरण	(क) पदसङ्गति बचन, लिङ्ग र पुरुषसँग क्रियाका मेल गराएर उर्द	(क) पदसङ्गति बचन, लिङ्ग र पुरुषसँग क्रियाका मेल गराएर उर्द	(क) पदसङ्गति बचन, लिङ्ग, आदरसँग पुरुषसँग	(क) पदसङ्गति बचन, लिङ्ग, आदरसँग पुरुषसँग क्रियाका मेल	(क) पदसङ्गति बचन, लिङ्ग, आदरसँग पुरुषसँग क्रियाका मेल गराएर उर्दू भाषा बोल्न
	(ख) काल वर्तमान कालअनुसार क्रियाको मेल	(ख) काल वर्तमान कालअनुसार क्रियाको मेल गराएर उर्द	(ख) काल विभिन्न कालअनुसार क्रियाको मेल	(ख) काल विभिन्न कालअनुसार क्रियाको मेल गराएर उर्द	(ख) काल विभिन्न कालअनुसार क्रियाको मेल

४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
सुनाइ	निर्देशन वर्णविभेद प्रश्नोत्तर, कुराकानी,	निर्देशन वर्णविभे द प्रश्नोत्तर,	निर्देशन वर्णविभे द प्रश्नोत्तर,	निर्देशन वर्णविभे द प्रश्नोत्तर,	निर्देशन वर्णविभे द प्रश्नोत्तर,
बोलाइ	उच्चारण प्रश्नोत्तर, कुराकानी, बालगीत	उच्चारण प्रश्नोत्तर, कुराकानी बालगीत गायन	उच्चारण प्रश्नोत्तर, कुराकानी बालगीत गायन	उच्चारण प्रश्नोत्तर, कुराकानी वर्णन	उच्चारण प्रश्नोत्तर, कुराकानी वर्णन
पढाइ	अक्षर चिनारी उच्चारण सस्वरवा —	अक्षर चिनारी उच्चारण सस्वरवा —	उच्चारण सस्वरवा —	उच्चारण सस्वरवा —	उच्चारण सस्वरवा —
लेखाइ	अनुलेख न हिज्जे श्रुति लेखन	अनुलेख न हिज्जे श्रुति लेखन चिन्हको प्रयोग	अनुलेख न हिज्जे श्रुति लेखन निर्देशित लेखन	अनुलेख न हिज्जे श्रुति लेखन निर्देशित लेखन	अनुलेख न हिज्जे श्रुति लेखन निर्देशित लेखन
कार्यमूलक व्याकरण	पदसङ्गति क्रियाका	पदसङ्गति क्रियाका	पदसङ्गति क्रियाका	पदसङ्गति क्रियाका	पदसङ्गति क्रियाका

५. शिक्षणसिकाइ प्रक्रिया

कुनै पनि भाषा शिक्षण गर्नुको उद्देश्य त्यस भाषाको साहित्य वा विषयवस्तु शिक्षण गर्नु नभएर भाषिक

सीपको विकास गर्नु भएकाले भाषा शिक्षणसिकाइ प्रक्रियामा प्रशस्त अभ्यासको आवश्यकता पर्दछ । यस तहमा सुनाइ र बोलाइका लागि कुराकानी, छलफल, प्रश्नोत्तर अभिनय तथा भूमिका निर्वाह, खेल, खोज जस्ता विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग गर्न सकिन्छ भने पढाइ र लेखाइ सीप विकासका लागि आवश्यकतानुसारका पढाइ र लेखाइसँग सम्बन्धित कार्यकलाप गराउनुपर्छ । प्राथमिक तहका सीपगत

साझा शिक्षणसिकाइ प्रक्रियाका सम्भावित कार्यकलाप यसप्रकार छन् :

(क) सुनाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- विभिन्न वर्णहरू सुनाएर त्यसअनुसार नक्कल गर्न लगाउने ।

- विद्यार्थीहरूलाई आँखा चिम्लन लगाई विभिन्न आवाज सुनाएर पहिचान गर्न लगाउने ।
- विभिन्न निर्देशनहरू दिएर सोहीअनुसार गर्न लगाउने ।
- गफ, कुराकानी सुनाएर प्रतिक्रिया व्यक्त गर्न लगाउने ।
- विद्यार्थी र उसको घरपरिवारका बारेमा प्रश्नोत्तर गर्ने ।
- विभिन्न रमाइला कथा, कविता आदि सुनाएर बालकविता गाउन र कथा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदि सुनाएर त्यसका मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदिका बारेमा प्रश्नोत्तर र छलफल गराउने ।
- अक्षर, शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गराउने ।
- विद्युतीय सञ्चार साधनका कार्यक्रम सुनाएर प्रश्नोत्तर र छलफल गराउने ।
- अन्ताक्षरी आदि शब्दखेल खेलाउने ।

(ख) बोलाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- वर्ण, अक्षर र शब्दको उच्चारण गर्न लगाउने ।
- विद्यार्थीलाई विभिन्न वस्तु सङ्कलन गर्न लगाएर ती सामग्रीका बारेमा छलफल गर्न लगाउने ।
- बालगीतहरू गति, यति, लय मिलाई वाचन गरी सुनाउने र विद्यार्थीले सुनेजानेका त्यस्तै गीत गाउन लगाउने ।
- कुनै विषयवस्तुका सम्बन्धमा प्रश्नोत्तर गराउने ।
- बालकथाहरू वाचन गरी सुनाउने र विद्यार्थीहरूले सुनेजानेका बालकथा भन्न लगाउने ।
- विद्यार्थीले देखे, सुनेका र अनुभव गरेका वस्तु, घटना, चित्र आदिका बारेमा वर्णन गर्न लगाउने ।
- साथीहरू र समूहमा कुराकानी र छलफल गर्न लगाउने ।
- वादविवाद, अभिनय, भूमिका निर्वाह र उद्घोषण गर्न लगाउने ।
- कुनै सामान्य समस्या दिएर तर्क गर्न लगाउने ।

(ग) पढाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- वस्तु र अक्षर सम्बन्धित गराएर अक्षर चिन्न अभ्यास गराउने ।
- अक्षर, शब्द छनोट गर्ने, जोडा मिलाउने खेल खेलाउने ।
- गोजीतालिकामा आकार, इकारपत्ती राखी त्यसमा अक्षरपत्ती जोड्दै मात्रा चिनाउने ।
- गोजीतालिका प्रयोग गरी शब्दपत्तीहरूको मध्यमबाट शब्द पढ्न लगाउने ।
- गोजीतालिकामा शब्दहरू राखी वाक्य बनाउने र पढ्ने अभ्यास गराउने ।
- गीत, कथा, संवाद आदिका अंश छानी गति, यति, लय र हाउभाउसहित सस्वर पढ्न लगाउने ।

- स-साना विवरण, सूचना, पाठ आदिको आशय बुझ्ने गरी पढ्न लगाएर प्रश्नोत्तर गर्ने ।

- पाठ पढ्न लगाएर त्यसमा भएका कुराहरूको सूची बनाउन लगाउने ।
- पढेका कुराको अर्थ र आशय भन्न लगाउने ।
- अनुच्छेद दिएर पढ्न लगाएर सोधिएका प्रश्नको उत्तर लेख्न लगाउने ।

(घ) लेखाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- विभिन्न धर्का र आकार कोर्न अभ्यास गराउने ।
- वर्णमालाका वर्णहरू लेख्न लगाउने ।
- मन परेका चित्र कोर्न लगाएर त्यसको नाम समेत लेख्न लगाउने ।
- शब्दको क्रम नमिलेका वाक्य दिएर क्रम मिलाई लेख्न लगाउने ।
- प्रश्नको उत्तर लेख्न लगाउने ।
- चित्र, वस्तु तथा वातावरण वर्णन गरी लेख्न लगाउने ।
- शब्द, वाक्य र छोटा अनुच्छेदको अनुलेखन गराउने ।
- अक्षर, शब्द र वाक्यको श्रुतिलेखन गराउने ।
- बुँदा, प्रश्न आदिका आधारमा साधारण चिठी, निवेदन, प्रबन्ध आदि लेख्न लगाउने ।
- विद्यार्थीलाई आफ्नो इच्छाअनुसारको लिखित रचना तयार गर्न लगाउने ।
- अरूले लेखेको सामग्री शुद्धीकरण गर्न लगाउने ।
- भित्तेपत्रिका तयार गर्न लगाउने ।

६. विद्यार्थी मूल्याङ्कन

उर्दू भाषाको प्रयोगको आफ्नै मौलिक परम्परालाई ध्यान दिँदै भाषाका विशेषताका आधारमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ तथा साधारण व्याकरणका लागि विभिन्न सीपको प्राप्तिका आधारमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । भाषिक सीपको मूल्याङ्कनका साधनहरू गृहकार्य, कक्षाकार्य, कक्षा
सहभागिता, व्यावहारिक परिवर्तन, उपलब्धि परीक्षा आदि हुने
छन् ।

प्राथमिक तहमा यस भाषाको भाषिक सीपको मूल्याङ्कन निम्नलिखित तरिकाले गर्न सकिन्छ :

सुनाइ

सुनाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

db\/;f lzIff kf7\oj|md, sIf

- भनेका कुरा विद्यार्थीले रुचि लिएर सुनेका छन्/छैनन् अवलोकन गर्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।

- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- निर्देशनअनुसार विद्यार्थीले ठीक ढङ्गले गरेनगरेको अवलोकन गर्ने ।
- श्रुतिलेखन गराएर जाँच्ने ।
- बालगीत गाएर सोहीअनुसार गाउन लगाउने ।
- कथा, घटना विवरण आदि सुनाएर मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विद्युतीय सञ्चार माध्यमका कार्यक्रम सुनाएर मुख्य कुरा भन्न लगाउने ।

बोलाइ

बोलाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- अक्षर र शब्दको उच्चारण ठीक ढङ्गले गरे नगरेको सुन्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- बालगीत गाउन लगाउने ।
- बाल कथा, चुट्किला आदि भन्न लगाउने ।
- वस्तु चित्र घटना वर्णन गर्न लगाउने ।
- उपयुक्त विषयवस्तु/समस्या दिएर तार्किक अभिव्यक्ति गर्न लगाउने ।
- उपयुक्त विषयवस्तु दिई संवाद, वादविवाद र उद्घोषण गर्न लगाएर अवलोकन गर्ने ।
- हाउभाउसाथ अभिनय गर्न लगाएर अवलोकन गर्ने ।

पढाइ

पढाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- कालोपाटीमा वा अक्षरपत्तीमा लेखिएका अक्षर पढ्न लगाउने ।
- अक्षर तथा शब्दपत्तीको खातबाट कुनै खास अक्षर र शब्द छान्न लगाउने ।
- शब्द र चित्रको जोडा मिलाउन लगाउने ।
- शब्द र वाक्य पढ्न लगाउने ।
- पाठभित्र वा बाहिरका कविता र उपयुक्त अनुच्छेद छनोट गरी गति, यति र लय सस्वरवाचन गर्न लगाएर सुन्ने ।
- पाठ्यपुस्तकभित्र वा बाहिरका पाठ्यसामग्री पढ्न लगाएर बोध प्रश्न सोध्ने ।

लेखाइ

लेखाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- विभिन्न आकार (घेरा, धर्का आदि) र चित्र कोर्न लगाएर जाँच्ने ।
- अक्षर, शब्द र वाक्य लेख्न लगाएर जाँच्ने ।
- अनुलेखन गराएर जाँच्ने ।
- शब्दको अर्थ र प्रश्नको उत्तर लेख्न लगाएर जाँच्ने ।
- अनुच्छेद लेख्न लगाएर जाँच्ने ।
- कुनै विषयवस्तु र अनुभव गरेका कुरा वर्णन गर्न लगाएर जाँच्ने ।
- स्वतन्त्ररूपमा कथा, कविता, प्रबन्ध लेख्न लगाएर जाँच्ने ।
- चिठी र निवेदन लेख्न लगाएर जाँच्ने ।
- विद्यार्थीले तयार गरेका रचना र भित्तेपात्रो आदि जाँच्ने ।
- अरूले लेखेका सामग्री सम्पादन गर्न लगाउने ।

साधारण व्याकरण र शब्दभण्डार

कक्षाअनुसारको बोलाइ र लेखाइका क्रियाकलापका आधारमा व्यवहार परिवर्तनको अवलोकन गर्ने ।

,,

,,

१. परिचय अरेबिक भाषा

इस्लाम धर्ममा अरेबिक भाषाको ठूलो महत्त्व छ । इस्लाम धर्मको प्रमुख धर्म ग्रन्थ कुरआन अरेबिक भाषामा लेखिएको छ । यस धर्मका सूक्तहरू अरेबिक भाषामा छन् । यस्ता कतिपय

सूक्तहरू इस्लाम धर्मावलम्बीहरूले नियमित पाठ गर्नुपर्ने हुन्छ । अरेबिक भाषामा इस्लाम धर्मसग सम्बन्धित धरै रचना

पनि छन् । इस्लाम धर्मका बारेमा गहिरो ज्ञान पाउन अरेबिक भाषा लेखपठ गर्न सक्ने हुनु अत्यावस्यक
छ । यस कारण इस्लाम धर्म मान्नेहरूमा अरेबिक भाषाको ज्ञान हुनु आवश्यक ठानिन्छ । यस कुरालाई
मनन् गरी मदरसा शिक्षामा कक्षा १-५ का लागि साप्ताहिक दुई पाठ्यभारको अरेबिक भाषा राखिएको
छ र यसको पाठ्यक्रम विकास गरिएको हो ।

२. साधारण उद्देश्य

प्राथमिक तहको अध्ययन पूरा गरेपछि अरेबिक भाषामा विद्यार्थीहरूले निम्नलिखित कार्यहरू गर्न सक्षम हुने छन् :

- अरेबिक वर्ण चिन्न ।
- अरेबी शब्दहरू शुद्ध उच्चारण गरेर पढ्न ।
- दैनिक जीवनका लागि आवश्यक सूक्त (सूत्र, मन्त्र) लयबद्धरूपमा भन्न ।
- अरेबिक भाषामा लेखिएका साधारण सूचना पढेर बुझ्न ।
- कुरआन तजविदसहित पाठ गर्न ।

विशिष्ट उद्देश्य

मद्रसा शिक्षाका विद्यार्थीहरूले अरेबिक भाषामा प्राथमिक तह पूरा गरेपछि निम्नानुसारका कार्य गर्न सक्ने छन् :

सिकाइ उपलब्धि तालिका

क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
सुनाइ	अरेबिक भाषामा साधारण निर्देशन सुनेर पालना गर्न	अरेबिक भाषामा साधारण निर्देशन सुनेर	अरेबिक भाषामा निर्देशन सुनेर पालना गर्न	अरेबिक उर्दू भाषामा निर्देशन सुनेर पालना	अरेबिक भाषामा निर्देशन सुनेर पालना गर्न
	अरेबिक भाषाका वर्णहरू सुनेर छुट्याउन	अरेबिक भाषाका वर्णहरू सुनेर	अरेबिक भाषाका उस्तै ध्वनि सुनिने	अरेबिक भाषाका उस्तै ध्वनि	अरेबिक भाषाका उस्तै ध्वनि सुनिने
	अरेबिक भाषामा समान्य प्रश्न सुनेर जवाफ दिन	अरेबिक भाषामा समान्य प्रश्न सुनेर जवाफ दिन	अरेबिक भाषामा सोधपुछ गरेका कुराको जवाफ	अरेबिक भाषामा सोधपुछ गरेका कुराको	अरेबिक भाषामा सोधपुछ गरेका कुराको
	इस्लाम धर्मका सुक्तहरू सुनेर भन्न	इस्लाम धर्मका सुक्तहरू सुनेर भन्न	इस्लाम धर्मका सुक्तहरू सुनेर भन्न	इस्लाम धर्मका सुक्तहरू सुनेर भन्न	इस्लाम धर्मका सुक्तहरू सुनेर भन्न

बोलाइ	अरबिक भाषाका सग्ला अक्षरले बनेका शब्दको	अरबिक भाषाका सग्ला अक्षरले बनेका शब्दको	अरबिक भाषाका सग्ला अक्षरले बनेका शब्दको	अरबिक भाषाका जोडेमोडे का	अरबिक भाषाका जोडेमोडे का

	परिचित व्यक्तिसँग अरेबिक भाषामा	परिचित व्यक्तिसँग अरेबिक भाषामा	अरेबिक भाषामा सोधपुछ र साधारण कुराकानी गर्न	अरेबिक भाषामा शिष्टाचारका शब्द प्रयोग	अरेबिक भाषामा शिष्टाचारका शब्द प्रयोग गरी सोधपुछ
	अरेबिक भाषामा अल्लाहको स्तुति गान गर्न	अरेबिक भाषामा अल्लाहको स्तुति गान गर्न	अरेबिक भाषामा अल्लाहको स्तुति गान गर्न	अरेबिक भाषामा अल्लाहको स्तुति गान	अरेबिक भाषामा अल्लाहको स्तुति
	इस्लाम धर्मका सुक्तहरू सामान्यरूपमा	इस्लाम धर्मका सुक्तहरू सामान्यरूपमा भन्न	इस्लाम धर्मका सुक्तहरू लयबद्ध गरी	इस्लाम धर्मका सुक्तहरू लयबद्ध गरी भन्न	इस्लाम धर्मका सुक्तहरू लयबद्ध गरी भन्न
			अरेबिक भाषामा इस्लाम धर्मका बारेमा	अरेबिक भाषामा इस्लाम धर्मका बारेमा	अरेबिक भाषामा इस्लाम धर्मका बारेमा
पढाइ	अरेबिक भाषाका वर्णहरू चिन्न र	अरेबिक भाषाका वर्णहरू चिन्न र	अरेबिक भाषाका वर्णहरू चिन्न र		
	अरेबिक भाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्य	अरेबिक भाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्य सस्वर पढ्न	अरेबिक भाषाका सग्ला अक्षरले बनेका सरल शब्द र वाक्य	अरेबिक भाषाका जोडेमोडेका अक्षरले बनेका शब्द र वाक्य	अरेबिक भाषाका जोडेमोडेका अक्षरले बनेका शब्द र वाक्य शद्ध
			अरेबिक भाषाका साधारण सूचना सामग्री पढेर	उर्दू भाषाका साधारण सूचना सामग्री पढेर	अरेबिक भाषाका साधारण सूचना सामग्री पढेर
	अरूको सहयोगमा कुरआन पढ्न	अरूको सहयोगमा कुरआन पढ्न	साधारणरूपमा कुरआन पढ्न	कुरआन तजबिजसहित पढ्न	कुरआन तजविजसहित पढ्न
लेखाइ	अरेबिक भाषाका वर्णहरू प्रस्टसँग लेख्न	अरेबिक भाषाका वर्णहरू प्रस्टसँग लेख्न	अरेबिक भाषाका वर्णहरू बान्की मिलाएर लेख्न	अरेबिक भाषाका वर्णहरू बान्की मिलाएर लेख्न	अरेबिक उर्दू भाषाका वर्णहरू बान्की मिलाएर
	अरेबिक भाषाका सग्ला अक्षरले बनेका सरल शब्द	अरेबिक भाषाका मात्रा सहितका सग्ला अक्षरले बनेका	अरेबिक भाषाका मात्रा सहितका सग्ला अक्षरले बनेका शब्द	अरेबिक भाषाका जोडेमोडेका अक्षरले बनेका	अरेबिक भाषाका जोडेमोडेका अक्षरले बनेका
	अरेबिक भाषामा हिज्जे मिलाएर परिचित वस्तुको	अरेबिक भाषामा हिज्जे मिलाएर परिचित वस्तुको	अरेबिक भाषामा हिज्जे मिलाएर शब्द निर्माण	अरेबिक भाषामा हिज्जे मिलाएर शब्द	अरेबिक भाषामा हिज्जे मिलाएर शब्द
			अरेबिक भाषाका सग्ला अक्षरले बनेका शब्द र वाक्उको	अरेबिक भाषाका जोडेमोडेका अक्षरले	अरेबिक भाषाका जोडेमोडेका अक्षरले

				लेखन गर्न	लेखन गर्न
			दिइएका प्रश्न वा बुँदाका भाधारमा अरेबिक	दिइएका प्रश्न वा बुँदाका भाधारमा अरेबिक	दिइएका प्रश्न वा बुँदाका भाधारमा द अरेबिक
			लेखाइमा साधारण चिह्नको प्रयोग गर्न	लेखाइमा साधारण चिहनको	लेखाइमा साधारण चिहनको
कार्यमूलक व्याकरण	(क) पदसङ्गति बचन, लिङ्ग र पुरुषसँग क्रियाका मेल गराएर अरेबिक भाषा बोल्न	(क) पदसङ्गति बचन, लिङ्ग र पुरुषसँग क्रियाका मेल गराएर अरेबिकभाषा बोल्न	(क) पदसङ्गति बचन, लिङ्ग, आदरसँग पुरुषसँग क्रियाका मेल गराएर अरेबिकभाषा	(क) पदसङ्गति बचन, लिङ्ग, आदरसँग पुरुषसँग क्रियाका मेल गराएर	(क) पदसङ्गति बचन, लिङ्ग, आदरसँग पुरुषसँग क्रियाका मेल गराएर
	(ख) काल वर्तमान कालअनुसार क्रियाको मेल गराएर	(ख) काल वर्तमान कालअनुसार क्रियाको मेल गराएर	(ख) काल विभिन्न कालअनुसार क्रियाको मेल गराएर	(ख) काल विभिन्न कालअनुसार क्रियाको मेल गराएर	(ख) काल विभिन्न कालअनुसार क्रियाको मेल गराएर

४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
सुनाइ	निदेशन वर्णविभेद प्रश्नोत्तर, कुराकानी	निदेशन वर्णविभेद प्रश्नोत्तर, कुराकानी	निदेशन वर्णविभेद प्रश्नोत्तर, कुराकानी	निदेशन वर्णविभेद	निदेशन वर्णविभेद प्रश्नोत्तर, कुराकानी
बोलाइ	उच्चारण प्रश्नोत्तर, कुराकानी सुक्त र स्तुति गान	उच्चारण प्रश्नोत्तर, कुराकानी सुक्त र स्तुति गान	उच्चारण प्रश्नोत्तर, कुराकानी सुक्त र स्तुति गान वर्णन	उच्चारण प्रश्नोत्तर, कुराकानी सुक्त र	उच्चारण प्रश्नोत्तर, कुराकानी सुक्त र स्तुति गान वर्णन
पढाइ	अक्षर चिनारी उच्चारण सस्वरवा	अक्षर चिनारी उच्चारण सस्वरवा	अक्षर चिनारी उच्चारण सस्वरवा	अक्षर चिनारी उच्चारण सस्वरवा	अक्षर चिनारी उच्चारण सस्वरवा
लेखाइ	वर्ण लेखन अनुलेखन हिज्जे	वर्ण लेखन अनुलेखन हिज्जे	वर्ण लेखन अनुलेखन हिज्जे	वर्ण लेखन अनुलेखन हिज्जे	वर्ण लेखन अनुलेखन हिज्जे

			चिह्नको प्रयोग	चिह्नको	चिह्नको प्रयोग

५. शिक्षणसिकाइ प्रक्रिया

कुनै पनि भाषा शिक्षण गर्नुको उद्देश्य त्यस भाषाको साहित्य वा विषयवस्तु शिक्षण गर्नु नभएर भाषिक
सीपको विकास गर्नु भएकाले भाषा शिक्षणसिकाइ प्रक्रियामा प्रशस्त अभ्यासको आवश्यकता पर्दछ । यस तहमा सुनाइ र बोलाइका लागि कुराकानी, छलफल, प्रश्नोत्तर अभिनय तथा भूमिका निर्वाह, खेल, खोज जस्ता विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग गर्न सकिन्छ भने पढाइ र लेखाइ सीप विकासका लागि आवश्यकतानुसारका पढाइ र लेखाइसँग सम्बन्धित कार्यकलाप गराउनुपर्छ । प्राथमिक तहका सीपगत
साझा शिक्षणसिकाइ प्रक्रियाका सम्भावित कार्यकलाप यसप्रकार
छन् :

(क) सुनाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- विभिन्न आवाजहरू सुनाएर त्यसअनुसार नक्कल गर्न लगाउने ।
- विद्यार्थीहरूलाई आँखा चिम्लन लगाई विभिन्न आवाज सुनाएर पहिचान गर्न लगाउने ।
- विभिन्न निर्देशनहरू दिएर सोहीअनुसार गर्न लगाउने ।
- गफ, कुराकानी सुनाएर प्रतिक्रिया व्यक्त गर्न लगाउने ।
- विद्यार्थी र उसको घरपरिवारका बारेमा प्रश्नोत्तर गर्ने ।
- विभिन्न रमाइला कथा, कविता आदि सुनाएर बालकविता गाउन र कथा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदि सुनाएर त्यसका मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदिका बारेमा प्रश्नोत्तर र छलफल गराउने ।
- अक्षर, शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गराउने ।
- विद्युतीय सञ्चार साधनका कार्यक्रम सुनाएर प्रश्नोत्तर र छलफल गराउने ।
- अन्ताक्षरी आदि शब्दखेल खेलाउने ।

(ख) बोलाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- वर्ण, अक्षर र शब्दको उच्चारण गर्न लगाउने ।
- विद्यार्थीलाई विभिन्न वस्तु सङ्कलन गर्न लगाएर ती सामग्रीका बारेमा छलफल गर्न लगाउने ।
- बालगीतहरू गति, यति, लय मिलाई वाचन गरी सुनाउने र विद्यार्थीले सुनेजानेका त्यस्तै गीत गाउन लगाउने ।
- कुनै विषयवस्तुका सम्बन्धमा प्रश्नोत्तर गराउने ।

- बालकथाहरू वाचन गरी सुनाउने र विद्यार्थीहरूले सुनेजानेका बालकथा भन्न लगाउने ।
- विद्यार्थीले देखे, सुनेका र अनुभव गरेका वस्तु, घटना, चित्र आदिका बारेमा वर्णन गर्न लगाउने ।
- साथीहरू र समूहमा कुराकानी र छलफल गर्न लगाउने ।

- वादविवाद, अभिनय, भूमिका निर्वाह र उद्घोषण गर्न लगाउने ।
- कुनै सामान्य समस्या दिएर तर्क गर्न लगाउने ।

(ग) पढाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- वस्तु र अक्षर सम्बन्धित गराएर अक्षर चिन्न अभ्यास गराउने ।
- अक्षर, शब्द छनोट गर्ने, जोडा मिलाउने खेल खेलाउने ।
- गोजीतालिकामा आकार, इकारपत्ती राखी त्यसमा अक्षरपत्ती जोड्दै मात्रा चिनाउने ।
- गोजीतालिका प्रयोग गरी शब्दपत्तीहरूको मध्यमबाट शब्द पढ्न लगाउने ।
- गोजीतालिकामा शब्दहरू राखी वाक्य बनाउने र पढ्ने अभ्यास गराउने ।
- गीत, कथा, संवाद आदिका अंश छानी गति, यति, लय र हाउभाउसहित सस्वर पढ्न लगाउने ।
- स-साना विवरण, सूचना, पाठ आदिको आशय बुझ्ने गरी पढ्न लगाएर प्रश्नोत्तर गर्ने ।
- पाठ पढ्न लगाएर त्यसमा भएका कुराहरूको सूची बनाउन लगाउने ।
- पढेका कुराको अर्थ र आशय भन्न लगाउने ।
- अनुच्छेद दिएर पढ्न लगाएर सोधिएका प्रश्नको उत्तर लेख्न लगाउने ।

(घ) लेखाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू

- विभिन्न धर्का र आकार कोर्न अभ्यास गराउने ।
- वर्णमालाका वर्णहरू लेख्न लगाउने ।
- मन परेका चित्र कोर्न लगाएर त्यसको नाम समेत लेख्न लगाउने ।
- शब्दको क्रम नमिलेका वाक्य दिएर क्रम मिलाई लेख्न लगाउने ।
- प्रश्नको उत्तर लेख्न लगाउने ।
- चित्र, वस्तु तथा वातावरण वर्णन गरी लेख्न लगाउने ।
- शब्द, वाक्य र छोटा अनुच्छेदको अनुलेखन गराउने ।
- अक्षर, शब्द र वाक्यको श्रुतिलेखन गराउने ।
- बुँदा, प्रश्न आदिका आधारमा साधारण चिठी, निवेदन, प्रबन्ध आदि लेख्न लगाउने ।
- विद्यार्थीलाई आफ्नो इच्छाअनुसारको लिखित रचना तयार गर्न लगाउने ।
- अरूले लेखेको सामग्री सम्पादन गर्न लगाउने ।
- भित्तेपत्रिका तयार गर्न लगाउने ।

६. विद्यार्थी मूल्याङ्कन

अरेबिक भाषाको प्रयोगको आफ्नै मौलिक परम्परालाई ध्यान दिँदै भाषाका विशेषताका आधारमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ तथा साधारण व्याकरणका लागि विभिन्न सीपको प्राप्तिका आधारमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । भाषिक सीपको मूल्याङ्कनका साधनहरू गृहकार्य, कक्षाकार्य, कक्षा
सहभागिता, व्यावहारिक परिवर्तन, उपलब्धि परीक्षा आदि हुने
छन् ।

प्राथमिक तहमा यस भाषाको भाषिक सीपको मूल्याङ्कन निम्नलिखित तरिकाले गर्न सकिन्छ :

सुनाइ

सुनाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- भनेका कुरा विद्यार्थीले रुचि लिएर सुनेका छन्/छैनन् अवलोकन गर्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- निर्देशनअनुसार विद्यार्थीले ठीक ढङ्गले गरेनगरेको अवलोकन गर्ने ।
- श्रुतिलेखन गराएर जाँच्ने ।
- बालगीत गाएर सोहीअनुसार गाउन लगाउने ।
- कथा, घटना विवरण आदि सुनाएर मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विद्युतीय सञ्चार माध्यमका कार्यक्रम सुनाएर मुख्य कुरा भन्न लगाउने ।

बोलाइ

बोलाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- अक्षर र शब्दको उच्चारण ठीक ढङ्गले गरेनगरेको सुन्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- बालगीत गाउन लगाउने ।
- बाल कथा, चुट्किला आदि भन्न लगाउने ।
- वस्तु चित्र घटना वर्णन गर्न लगाउने ।
- उपयुक्त विषयवस्तु/समस्या दिएर तार्किक अभिव्यक्ति गर्न लगाउने ।
- उपयुक्त विषयवस्तु दिई संवाद, वादविवाद र उद्घोषण गर्न लगाएर अवलोकन गर्ने ।
- हाउभाउसाथ अभिनय गर्न लगाएर अवलोकन गर्ने ।

पढाइ

पढाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- कालोपाटीमा वा अक्षरपत्तीमा लेखिएका अक्षर पढ्न लगाउने ।

- अक्षर तथा शब्दपत्तीको खातबाट कुनै खास अक्षर र शब्द छान्न लगाउने ।
- शब्द र चित्रको जोडा मिलाउन लगाउने ।
- शब्द र वाक्य पढ्न लगाउने ।
- पाठभित्र वा बाहिरका कविता र उपयुक्त अनुच्छेद छनोट गरी गति, यति र लय सस्वरवाचन गर्न लगाएर सुन्ने ।
- पाठ्यपुस्तकभित्र वा बाहिरका पाठ्यसामग्री पढ्न लगाएर बोध प्रश्न सोध्ने ।

लेखाइ

लेखाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- विभिन्न आकार (घेरा, धर्का आदि) र चित्र कोर्न लगाएर जाँच्ने ।
- अक्षर, शब्द र वाक्य लेख्न लगाएर जाँच्ने ।
- अनुलेखन गराएर जाँच्ने ।
- शब्दको अर्थ र प्रश्नको उत्तर लेख्न लगाएर जाँच्ने ।
- अनुच्छेद लेख्न लगाएर जाँच्ने ।
- कुनै विषयवस्तु र अनुभव गरेका कुरा वर्णन गर्न लगाएर जाँच्ने ।
- स्वतन्त्ररूपमा कथा, कविता, प्रबन्ध लेख्न लगाएर जाँच्ने ।
- चिठी र निवेदन लेख्न लगाएर जाँच्ने ।
- विद्यार्थीले तयार गरेका रचना र भित्तेपात्रो आदि जाँच्ने ।
- अरूले लेखेका सामग्री सम्पादन गर्न लगाउने ।

साधारण व्याकरण र शब्दभण्डार

कक्षाअनुसारको बोलाइ र लेखाइका क्रियाकलापका आधारमा व्यवहार परिवर्तनको अवलोकन गर्ने ।

अनुसूचीहरू

अनुसूची - १

निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम
(मूल्याङ्कन मापदण्डका आधारमा रेजा
लगाउने)

कक्षा : ..... विषय : .....

शैक्षिक सत्र .....

क्र. सं	विद्यार्थीको नाम	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ	पाठ

कक्षा शिक्षक : ..... रुजु गर्ने : .....

प्र.अ.को दस्तखत : .....

द्रष्टव्य : यस सिकाइ अभिलेखका आधारमा विद्यार्थीको सिकाइउपलब्धिका बारेमा उनीहरूका अभिभावकलाई समयसमयमा जानकारी गराउनुपर्नेछ ।

अनुसूची - २

विद्यार्थी प्रगति विवरण (कक्षा ४-५)

शैक्षिक सत्र

.....

विद्यालयको नाम : श्री .....

विद्यार्थीको नाम : ..... कक्षा : .....

रो.नं. .....

ljifo	lg/Gt/ ljBfyL{ d"Nofª\sg >]0fL			cfjlws pknlAw:t/ lnlvt tyf df}lvs k/LIffsf] cfwf/df cª\s lbg] t/						dhDdf
	k|yd q}dfl;s	bf];|f] q}dfl;s	jflif{s	k|yd q}dfl;s		bf];|f] q}dfl;s d"Nofª\sg		jflif{s		
मद्रसा शिक्षा पाठ्यक्रम, कक्षा १-५				k"0ff{ª\s !)%	k|fKtfª\s	k"0ff{ª\s	k|fKtfª\s	k"0ff{ª\s	k|fKtfª\s	४४
g]kfnL										

सामान्यतया यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र

अङ्ग्रजी										
गणित										
सामाजिक अध्ययन										
सिजनात्मक कला										
विज्ञान तथा वातावरण										
स्वास्थ्य तथा शारीरिक										
उर्दु भाषा										
अरबिक भाषा										
जम्मा										

कक्षा शिक्षक : ..... रुजु गर्ने : .....

प्र.अ. को दस्तखत .....

अनुसूची - ३

निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभिलेख प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको मुख्य उद्देश्य पठनपाठनसँगै विद्यार्थीहरूको सिकाइको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रूपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यस मूल्याङ्कन प्रक्रियामा निम्नानुसार विद्यार्थीहरूको प्रगति अभिलेख राख्नुपर्नेछ :

१. पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुरालाई अनुसूची १ अनुसारको फाराममा तोकिएका मापदण्डका आधरमा एकदेखि तीनओटासम्म रेजा (☐) चिह्न लगाउने ।

२. अति उत्तम सिकेकालाई तीनओटा रेजा (☐ ☐ ☐), उत्तम सिकेकालाई दुईओटा रेजा (☐ ☐) र सामान्य सिकेकालाई एउटा रेजा (☐) दिने ।

३. प्रत्येक पाठमा रेजा दिनका लागि निम्नलिखित मापदण्डलाई आधार मान्ने :

क्र.सं.	मापदण्ड	अति उत्तम	उत्तम	सामान्य
१.	कक्षा कार्य (कक्षा सहभागिता)	☐☐☐☐	☐☐☐	☐
२.	परियोजना कार्य	☐☐☐☐	☐☐☐	☐
३.	व्यवहार परिवर्तन	☐☐☐☐	☐☐☐	☐
४.	सिर्जनात्मक कार्य	☐☐☐☐	☐☐☐	☐
५.	हाजिरी	☐☐☐☐	☐☐☐	☐

४. पाठगत आधारमा रेजा दिइसकेपछि हेरक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरूलाई निम्नलिखित तरिकाले क, ख, ग श्रेणीमा छुट्याउने :

- &) k|ltztb]lv !)) k|ltzt;Dd — क
- $) k|ltztb]lv ^(k|ltzt;Dd — ख
- $) k|ltzteGbf tn >]0fL

५. पाठगत रेजाहरूको प्रतिशत निकाल्ने तरिका :

$$\frac{\text{विद्यार्थीले पाएका जम्मा रेजा ☐}}{\text{१००}}$$

सूत्र : रेजा प्रतिशत . जम्मा पढाइ भएका पाठ सङ्ख्या ☐ १००

उदाहरण : (क) कुनै एक विषयमा प्रथम त्रैमासिकसम्म पढाइ भइसकेका पाठ सङ्ख्या . ६

कुनै एउटा विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको रेजा सङ्ख्या . १५

सूत्रअनुसार हिसाब गर्दा रेजा प्रतिशत $\frac{\text{१५}}{\text{६☐३}}$ ☐ १००

उक्त विद्यार्थीको रेजा प्रतिशत ८३.३

त्यसकारण उक्त विद्यार्थीको श्रेणी क भयो ।

द्रष्टव्य माथिको प्रक्रियाबाट ख र ग श्रेणी पनि निकाल्न सकिने ।

६. पाठगतरूपमा सिकेका कुरा मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धिहरू पूरा भएनभएको हेर्नुपर्नेछ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम नं. २ (अनुसूची २) मा पाठगत निरन्तर विद्यार्थी मूल्याङ्कनको रेजालाई बुँदा नं. ४ अनुसार क, ख, ग श्रेणीमा र लिखित तथा मौखिक उपलब्धि मापनको अङ्कसाथ राख्ने व्यवस्था गर्नुपर्नेछ ।

८. अनुसूची १ देखि ३ अनुसारको सिकाइ अभिलेख फाराम विद्यालय आफैंले तयार गर्नुपर्नेछ ।